
# चुलाचुली गाउँपालिकाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन

२०८१



चुलाचुली गाउँकार्यपालिका
चुलाचुली गाउँपालिका
ईलाम



चुलाचुली गाउँपालिका
N
87°36'0"E 87°38'0"E 87°40'0"E 87°42'0"E 87°44'0"E 87°46'0"E 87°48'0"E 87°50'0"E
87°37'0"E 87°39'0"E 87°41'0"E 87°43'0"E 87°45'0"E 87°47'0"E 87°49'30"E
26°54'30"N 26°52'30"N 26°50'30"N 26°48'30"N 26°46'30"N 26°44'30"N 26°42'30"N 26°40'30"N 26°38'30"N
26°54'0"N 26°52'0"N 26°50'0"N 26°48'0"N 26°46'0"N 26°44'0"N 26°42'0"N 26°40'0"N 26°38'0"N
वडा नं .६
वडा नं .५
वडा नं .४
वडा नं .३
वडा नं .२
वडा नं .१
Legend
Name
वडा नं .१
वडा नं .२
वडा नं .३
वडा नं .४
वडा नं .५
वडा नं .६
Mapped By:
Nabin
1 inch = 3.28 Km
0 0.75 1.5 3 4.5 6
Km

प्रकाशक

चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली,ईलाम

प्रकाशन मितिः २०८१
सर्वाधिकारः गाउँ बालअधिकार समिति, चुलाचुली गाउँपालिका

**संरक्षक**
श्री राजेन्द्र केरुङ
अध्यक्ष
चुलाचुली गाउँपालिका

**सल्लाहकार**
श्री दिलकुमारी योङहाङ, उपाध्यक्ष, चुलाचुली गाउँपालिका
श्री राजकुमार शाक्य, प्रमुख प्रशासकिय अधिकृत, चुलाचुली गाउँपालिका
श्री रीता पोखरेल, बालकल्याण अधिकारी, चुलाचुली गाउँपालिका

**लेखन सहजिकरण**
सुमन अधिकारी
समन्वय अधिकृत
राष्ट्रिय बालअधिकार परिषद्

स्वस्तिका पोख्रेल
कार्यकारी निर्देशक
एस् .संकल्प नेपाल प्रा. लि.
काठमाण्डौ

# मन्तव

आजका बालबालिकाहरू भोलिको राष्ट्रका कर्णधार हुन् । बालबालिकामाथि आजको लगानी भोलीको असल नीति निर्माणको सुनिश्चितता हो । नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धी १९८९ लाई सन् १९९० सेप्टेम्बर १४ ( वि.सं. २०४६ भदौ २९) मा अनुमोदन गरेपश्चात संविधानबाटै बालबालिकाका हक हित र संरक्षणका विषयहरू संबोधन हुँदै आएका छन् । नेपालको संविधान २०७२ ले बालबालिकाहरूलाई परिवार तथा राज्यबाट नामको हक देखि उचित शिक्षा, स्वास्थ्य , पालनपोषण, उचित स्याहार सुसार तथा सर्वाङ्गिण विकासको हकलाई सुनिश्चित गरेको छ । बालबालिकाको हक अधिकारको संरक्षण एवम् सम्वर्धनको लागि संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धीका प्रावधानसँगै नेपालको संविधान २०७२ तथा बालबालिका सम्बन्धी ऐन २०७५ लाई अक्षरस कार्यान्वयन गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको छ ।

बालबालिकाको हक हितको संरक्षण र संवर्धन गर्दै बालबालिका सम्बन्धी ऐन २०७५ लाई पूर्ण कार्यान्वयन गर्नेउद्देश्य अनुरूप यस गाउँपालिकाले कानुनी तथा नीतिगत व्यवस्था गरी विगत वर्षहरूबाटै बालमैत्री स्थानीय शासनयुक्त पालिका निर्माणको लक्ष राखी सोही बमोजिम लगानी गर्दै आएको छ । जसको परिणाम स्वरूप आ.व. ०८०/०८१ मा बालमैत्री घोषणा गर्ने लक्षका साथ कार्य प्रारम्भ गरेका वडा नं ३ र ५ ले बालमैत्री वडा घोषणाको अनुमति प्राप्त गरेका छन् । यस सन्दर्भमा सम्बन्धीत वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति तथा वडा बाल अधिकार समितिलाई लाई धन्यवाद दिँदै वडा नं ३ र वडा नं ५ बासी बालबालिकाहरू तथा आम नागरिकहरूमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

हामीले सुरुवात गरेको साधारण प्रयासले यस गाउँपालिकामा बालबालिकाको हक हित संरक्षण र सम्बर्धनका लागि संरचनात्मक व्यवस्था सम्भव भएको छ । बालबालिका सम्बन्धी थुप्रै नीति तथा कार्यविधिहरू पारित भई लागू भएका छन् । जोखिममा रहेका विभिन्न वडका धेरै बालबालिकाहरू जोखिममुक्त भएका छन् । विद्यालय बाहिर रहेका बालबालिकाहरू विद्यालय गई नियमित अध्ययन गरिरहेका छन् । जोखिममा रहेका बालबालिकाको उद्धार, राहत तथा उचित हेरचाह र शिक्षा, स्वास्थ्यमा सहयोग गर्नका लागि बालकोषको स्थापना भएको छ । ८ वर्षमाथिका बालबालिकाहरू अध्ययन गर्ने सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा बालक्लवको स्थापना भएको छ । सामुदायिक विद्यालयका बालक्लवहरूको क्षमता विकासका लागि प्रत्येक बालक्लवलाई वार्षिक रूपमा रकम विनियोजन गरिएको अवस्था छ । यसै सन्दर्भमा आगामी दिनमा समेत बालबालिकामा लगानी बृद्धि गरी सबै वडाहरूलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी पालिकालाई नै बालमैत्री स्थानीय शासनयुक्त पालिका बनाउँने हाम्रो लक्षमा हामी प्रतिबद्ध छौँ र बालमैत्री नीति तथा कार्यक्रमको कार्यान्वयको लागि पालिका निरन्तर रूपमा लागि रहने कुरा समेत अवगत गराउँछु ।

यहाँसम्मको यात्रामा निरन्तर लागि पर्ने तथा सहयोग गर्ने पालिका उपाध्यक्षज्यू, पालिका बालधिकार समितिका पदाधिकारीज्यूहरू, बालमैत्री स्थानीय शासन गाउँ समितिका पदाधिकारीज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षज्यूहरू, बालकल्याण अधिकारी, शिक्षा युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, महिला बालबालिका तथा समाजकल्याण शाखा, अन्य विषयगत शाखाहरू, पालिकाभित्रका सम्पूर्ण विद्यालयहरू, विभिन्न व्यक्ति, संस्था,विकास साझेदार तथा सम्बन्धीत सबै सरोकारवालाहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा थप प्रभावकारी ढंगबाट निरन्तर सहयोग, समन्वय र सहकार्यका निम्ति हार्दिक अपिल गर्दछु ।

राजेन्द्र केरुङ
अध्यक्ष

राजेन्द्र केरुङ
अध्यक्ष

# मन्तव्य

समृद्ध राष्ट्र निर्माण र सुन्दर भविष्यको सपनालाई साकार पार्नका लागि लागि बालबालिकामा लगानी, बालबालिकाको हकहित संरक्षण एवम् सम्वर्धन महत्त्वपूर्ण पक्ष हो । बालबालिकाहरू भोलिको राष्ट्र हाँक्ने चालकहरू हुन् त्यसैले भोलिको सबल राष्ट्र परिकल्पना गर्ने हो भने आजैबाट राष्ट्रका खम्बाहरूलाई सबल बनाउँनै पर्छ । यो संवेदनशीलतालाई महसुस गर्दै नेपाल सरकारले संविधानबाटै बालबालिकाको हकहित सुनिश्चित गरेको छ । संविधानको कार्यान्वयन गर्नु तीनै तहका सरकारको र सम्पूर्ण नागरिकको दायित्व हो । यो दायित्वलाई गम्भिरतापूर्वक लिँदै चुलाचुली गाउँपालिकाले बाल अधिकारका चारै पक्षलाई समेट्दै बालबालिका सम्बन्धी कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्दै आएको अवस्था छ ।

यस स्थानीय तहमा बाल अधिकारको सुनिश्चितताका निम्ति बालमैत्री गाउँपालिका निर्माण गर्न विगत वर्षहरूबाटै हामी कृयाशील छौँ । यस बीचमा हामीले पालिकाभित्रका दुई वटा वडाहरू (वडा नं ३ र ५) लाई बालमैत्री वडाको रूपमा घोषणा हुने अन्तिम तयारीमा पुर्याएका छौँ । बालमैत्री अभियान सञ्चालन भइरहँदा बालबालिकाहरूले प्रत्यक्ष अनुभव गर्न पाउने गरी थुप्रै कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । स्थानीय सरकारको अघिल्लो कार्यकालमा निर्माण भएका कानुन, कार्यविधि तथा तत्कालीन सरकारले प्रतिवद्धता जनाएका बालबालिका सम्बन्धी असल क्रियाकलापहरूलाई हामीले निरन्तरता दिदै थप नयाँ अभ्यासको थालिनी गर्ने प्रयत्न गरिरहेका छौँ । यसै सन्दर्भमा नेपालको संविधान, बालबालिका समबन्धी ऐन २०७५, नियमावली २०७८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका सँगसँगै पालिकाद्वारा निर्माण भएका बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५, बाल संरक्षण नीति २०७५, बाल विवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि २०७५ जस्ता कानुन तथा नीतिहरूलाई आधार मानी हाम्रा हरेक क्रियाकलाप एवम् संरचनाहरू क्रियाशील छन् । यसै अनुरूप बालबालिका सम्बन्धी ऐन २०७५ ले गरेको व्यवस्था बमोजिम मेरो आफ्नै संयोजकत्वमा गठित गाउँ बाल अधिकार समिति आफ्नो काम, कर्तव्य र अधिकारको पूर्ण परिपालनका साथ बाल अधिकार संरक्षण र सम्वर्धनका सवालमा सक्रियतासाथ कार्य गरिरहेको छ । जो निरन्तर रहिरने छ ।

बालबालिकासँग सम्बन्धीत वास्तविक सूचना, तथ्याङ्क तथा प्रगति विवरण जान्न पाउने स्वयम् बालबालिका, अभिवभाक तथा सम्पूर्ण सरोकारवालहरूको अधिकार हो । सोही विषयलाई आत्मसाथ गरी हामी प्रथम पटक यो स्थिति प्रतिवेदन सार्वजनिक गर्न सक्षम भएका छौँ । जसका निम्ति अत्यन्त खुसी महसुस भएको छ । यहाँसम्म आइपुग्दा बालमैत्री चुलाचुली निर्माण गर्ने हाम्रो लक्षमा हामी आधा बाटो पार गरिसकेका छौँ । अवको बाँकी यात्रा लाई पूर्णता दिनु पर्ने तपाईं हामी सबैको जिम्मेवारी छ । सो जिम्मेवारीप्रति म आफू सदैव सचेत रहेकी छु । बालमैत्री अभियानकै क्रममा आफ्नो विद्यालय टोल तथा वडालाई बालमैत्री संरचनाको रूपमा घोषणा गर्न सक्षम भई अनुमति प्राप्त गरेका सम्पूंर्ण विद्यालय, टोल विकास संस्था तथा वडाहरू( वडा नं ३ र ५) लाई धन्यवादका साथ बधाई ज्ञापन गर्दछु । साथै आफ्नो जिम्मेवारीप्रति सचेत रहँदै बालमैत्री विद्यालय, बालमैत्री टोल एवम् बालमैत्री वडा निर्माण गर्ने दिशामा क्रियाशील रहँन बालमैत्री वडा घोषणा हुन बाँकी वडाका वडाअध्यक्षजूहरू, वडा समिति र आम वडाबासी नागरिकहरूमा हार्दिक अनुरोध गर्दछु । बाल अधिकारको संरक्षणका लागि व्यक्ति,परिवार ,समुदाय र सरकार सबैको जिम्मेवारी उत्तिकै महत्त्वपूर्ण रहन्छ । जसका लागि बालबालिकालाई केन्द्रमा राखी हाम्रा सम्पूर्ण गतिविधिहरू सञ्चालन हुनु जरुरी छ । पालिकाद्वारा सञ्चालन हुने हरेक गतिविधिलाई पूर्णतया बालमैत्री बनाउँदै लैजाने कुरामा म मेरो व्यक्तिगत, पालिका उपाध्यंक्ष तथा बाल अधिकार समिति समेतको तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछु । बालमैत्री स्थानीय शासनयुक्त पालिका निर्माणको अवधारणालाई आत्मसाथ गरी कार्यक्रम तयारीदेखि यो प्रतिवेदन प्रकाशनसम्म आइपुग्दा यस पालिका परिवारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विभिन्न व्यक्ति, संस्था एवम् निकायको सहयोग प्राप्त भएको छ । जसका लागि हार्दिक आभार व्यक्त गर्दै तीनै तहका सरकारद्वारा जारी बालबालिका सम्बन्धीत नीति, ऐन, कानुन तथा कार्यविधिहरूको पूर्ण परिपालन एवम् बालमैत्री व्यवहार प्रवर्धनका निम्ति प्रतिबद्ध रहन आम सरोकारवाला पक्षहरूमा हार्दिक अनुरोध गर्दछु

दिल कुमारी लिम्बु योङहाङ
उपाध्यक्ष एवम् बाल अधिकार समिति संयोजक

# मन्तव्य

बालबालिकामा लगानी सुन्दर भविष्यको धालनी हो भन्ने कुरालाई दृष्टिगत गरी बालबालिका सम्बन्धी महासन्धीको पक्ष राष्ट्र भएसँगै बालबालिकाका हक अधिकारहरूलाई मौलिक हकको रूपमा संविधानतः राज्यले परिभाषित गरेको अवस्था छ। नेपालको संविधान २०७२ को धारा ३९ को कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी नियमावली २०७८, बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन कार्यविधि २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ जस्ता कानुनी तथा नीतिगत व्यवस्थाहरू भएका छन्। यी कानुनहरूले निर्देश गरेका विषयवस्तुहरूको कार्यान्वयन गर्नु स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारसहित तीनै तहका सरकारको दायित्व हो।

सूचनाको हकको कार्यान्वयन सँगसँगै बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ११(३) बमोजिम बालमैत्री क्रियाकलापको अभ्यासकै रूपमा चुलाचुली गाउँपालिकाले सूचना संकलन, सङ्कलित सूचना, तथ्यकाङ्क तथा विवरणहरूलाई समायोजन, प्रशोधन एवम् विश्लेषण गरी आ.व. ०८०/०८१ को बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन गरेको छ। यसबाट स्थानीय तहमा बालबालिका सम्बन्धी काम गर्ने संस्थागत संयन्त्रको कार्यप्रगति मूल्याङ्कन, बालमैत्री स्थानीय शासन कार्यक्रमको नतिजा मापन, आगामी दिनमा नीति कार्यक्रम तथा योजना निर्माण कार्यमा सहयोग पुग्नुका साथै प्रदेश सरकार तथा सङ्घीय सरकारबाट प्रकाशन हुने बालबालिका सम्बन्धी समग्र स्थिति प्रतिवेदनका लागि समेत आधार विन्दु तयार हुने देखिन्छ। बालमैत्री स्थानीय शासन कुनै योजना वा कार्यक्रम नभई निरन्तर एवम् गतिशील अभियान हो। यो कुनै एक पक्षको प्रयासबाट वा एक पटकको लगानीबाट मात्र कार्यान्वयन हुन प्रायः सम्भव हुँदैन भने यसको दीगोपनको कल्पना गर्न समेत सकिदैन। बालमैत्री स्थानीय शासनसँग सम्बन्धीत सूचकहरू व्यक्ति परिवार समुदाय देखि राज्यस्तरबाट पूरा गर्नु पर्ने र हाम्रो दैनिक जिवनयापनसँग प्रत्यक्ष सम्बन्ध भएको हुँदा सबै पक्षबाट यसको संवदेनशीलता महसुस हुन सके मात्र बाल अधिकारको संरक्षण एवम् बालबालिकाको सर्वाङ्गीण विकासका लागि तीनै तहका सरकारले लिएको लक्ष, संविधानप्रदत्त बालबालिकाको मौलिक हक, बालबालिका सम्बन्धी नीति, ऐन, नियमावली एवम् कार्यविधिको कार्यान्वयन हुनेछ। जसका लागि सबै पक्षसँग सबै किसिमका समन्वय, सहकार्य एवम् नीति, कानुन तथा कार्यक्रम कार्यान्वयनमा चुलाचुली गाउँपालिका सक्रियतापूर्वक लागिरहको छ र लागिरहने छ।

चुलाचुली गाउँपालिकालाई बालमैत्री स्थानीय तह स्थापनाको पहमा वडा नं ३ र ५ लाई बालमैत्री वडा घोषणाको अनुमती प्राप्त भई सकेको अवस्थमा अन्य बाँकी वडाहरु क्रमशः बालमैत्री वडा घोषणा गरी गाउँपालिकालाई नै बालमैत्री स्थानीय तहयुक्त गाउँपालिका घोषणा उन्मुख भई बालमैत्री स्थानीय तहका लागि बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीता र संस्थागत गरी ५१ वटा सूचकहरु पूरा गरी अन्तिम लक्ष प्राप्त गर्न गाउँपालिका वडा कार्यालयहरु, जनप्रतिनिधिहरू, कर्मचारीहरू, शिक्षकहरू, स्थानीय राजनीतिक दलहरू, टोल विकास संस्थाहरू, बालक्लवहरू, स्थानीय समुदायसमेत एकाकार भई सामुहिक प्रयास हुनु पर्दछ।अन्त्यमा यस कार्यमा संवेदनशील रही बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन निर्माणका लागि सूचना प्रदान गर्ने सबै पक्ष, स्थिति प्रतिवेदन तयारीका क्रममा सहयोग गर्ने राष्ट्रिय बाल अधिकार परिषद् बालबालिका खोजतालास समन्वय केन्द्र, कोसी प्रदेश तथा एस् संकल्प नेपाल प्रा.लि. प्रति आभार व्यक्त गर्दछु। सक्रियतापूर्वक खटिएर स्थिति प्रतिवेदन तयार गर्ने सम्बद्ध सबैमा धन्यवाद दिदैं आगामी दिनमा बालबालिकाका सवालहरूमा अझ गहन अध्ययन गर्ने वातावरण तयार गरी परिष्कृत रूपमा बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन वार्षिक रूपमा निरन्तर प्रशासन हुने प्रतिबद्धता व्यक्त गर्दै बालमैत्री अभियानमा सबै पक्षको सक्रीय सहभागीताको अपेक्षा समेत गर्दछु।

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत

## बालबालिकाका सवालमा हाम्रो प्रयास

आजका साना बालबालिकाहरू भोलिको समाजका नेतृत्वकर्ता हुन् । बालबालिकाहरूलाई खर्चको भागका रूपमा नलिई सुसंस्कृत राष्ट्र निर्माणका लागि आवश्यक लगानीको क्षेत्रका रूपमा लिनु जरुरी छ । बालमैत्री पद्धति र व्यवहारः समृद्ध चुलाचुलीको आधार भन्ने मुल मन्त्रकासाथ बालबालिकाको संवैधानिक हकको संरक्षण एवम् बालबालिका सम्बन्धी नीति, ऐन, कानुन तथा कार्यविधिको कार्यान्वयनकै क्रममा चुलाचुली गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका निर्माण गर्ने अभियानमा यो गाउँपालिका विगत वर्षहरूबाटै जुटिरहेको छ ।

बालमैत्री स्थानीय शासन अवलम्वनको प्रतिवबद्धता पश्चात यस पालिकामा बालबालिकाका क्षेत्रमा महत्त्वपूर्ण कार्यहरूको सुरुवाता भएको देखिन्छ । यसबीचमा बालबालिका सम्बन्धी झण्डै आधा दर्जन नीति तथा कानुनहरूको निर्माण, गाउँ बाल अधिकार समिति, वडा बाल अधिकार समिति, विद्यालय बाल अधिकार समिति निर्माण एवम् सञ्चालन, टोल विकास संस्थामार्फत् सामुदायिक संरक्षण प्रणालीको विकास, विद्यालयहरूमा तथा समुदायमा बालक्लवहरूको गठन सञ्चालन एवम् परिचालन, वडा बाल सञ्जाल तथा गाउँ बाल सञ्जालको गठन सञ्चालन एवम् परिचालन, गाउँपालिका तथा वडामार्फत् हुने योजना निर्माण तथा छनौट जस्ता कार्यहरूमा बाल सहभागिताको सुनिश्चितता, बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन गाउँ समिति, स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति जस्ता संरचनाहरूमा प्रत्यक्ष बाल सहभागिता, बालबालिकाको मागका आधारमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन, बालक्लवद्वारा विद्यालय तथा समुदायमा अनिवार्य अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता थुप्रै असल अभ्यासहरू भएका छन् । यस्ता अभ्यासहरूको दिगो निरन्तरता साथै नयाँ अभ्यासहरूको थालनीका लागि महिला बालबालिका तथा समाजकल्याण शाखा एवम् बाल कल्याण इकाई सदैव सचेततापूर्वक सक्रिय रहने प्रतिवद्धता व्यक्त गर्दछु । बालबालिका सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७८ को पूर्ण कार्यान्वयका क्रममा भएका थुप्रै कार्यहरूमध्ये यस वर्षबाट बालबालिकासँग सम्बन्धीत सम्पूर्ण सूचना, तथ्याङ्क, नीति ताथ कानुनको कार्यान्वयन, कार्यक्रमगत अवस्था लगायतका पक्षलाई समेटी बालबालिकाको स्थानीय प्रतिवेदन तयार भई प्रकाशन भएको छ । आगमी वर्षमा पनि पक्कै यस कार्यले निरन्तरता पाउने छ ।

बाल अधिकारका चारै पक्षहरू (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) लाई समानान्तर रूपमा अगाडी बढाई बालबालिकाको वृहत्तर हितमा कार्य गर्न चुलाचुली गाउँपालिका महिला बालबालिका शाखा तथा बाल कल्याण इकाईलाई नियमित मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाको सिङ्गो टीम एवम् प्रमुख प्रशासकीय अधिकृतज्यूप्रति सदैव कृतज्ञ छु । हाम्रो काममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहकार्य, समन्वय एवम् सहयोग उपलब्ध गराउने पालिकाका सबै शाखाहरु, वडा कार्यालयहरु, विद्यालयहरु, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु बालक्लव तथा सञ्जालहरु, आम अविभावक, बालबालिकाका क्षेत्रमा तीनै तहमा कार्यरत संस्था एवम् निकायहरु, चुलाचुली बासी आम नागरिकसहित सम्बद्ध सबैमा हार्दिक आभार प्रकाट गर्दै निरन्तर समन्वय सहकार्य एवम् सहयोगको अपेक्षा समेत गर्दछु ।

रीता पोखेल
बालकल्याण अधिकारी

रीता पोखेल
बाल कल्याण अधिकारी

## स्थिति प्रतिवेदनको सन्दर्भमा

संयुक्त राष्ट्र संघीय महासभाबाट पारित बाल अधिकार सम्वन्धी महासन्धि( Convention of the rights of the children, CRC) लगायत अन्य अन्तराष्ट्रिय तथा क्षेत्रीय सन्धि, अभिसन्धि एवं आलेखहरूका प्रावधानहरू तथा दिगो विकास लक्ष्य(SDGs) लाई नेपालले प्रतिवद्धता जनाईसकेको छ। यी नै प्रतिवद्धता कार्यान्वयनका लागि नेपाल सरकारले संवैधानिक, कानूनी, नीतिगत संरचनागत तथा कार्यक्रमगत व्यवस्था गर्दै आएको छ । बालअधिकार महासन्धि १९८९लाई नेपालले सन १९९० सेप्टेम्वर १४ ( वि.सं. २०४७ भाद्र २९ मा अनुमोदन गरी बालअधिकारको पक्षमा आफुलाई उभ्याएको छ।

चुलाचुली गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा घोषणा गर्नका लागि आवश्यक औजारको रूपमा रहेको बालबालिकाको स्थिति प्रतिवेदन बालअधिकारसँग सम्वन्धित विविध सूचना तथा तथ्याङ्कहरूलाई संकलन र प्रशोधन गरिएको छ । यस प्रतिवेदनमा भएका सूचना, तथ्याङ्क एवं विवरणहरूवाट चुलाचुली गाउँपालिकाको बालबालिका सम्वन्धीको अवस्थालाई दर्साउन खोजिएको छ। यसमा समाविष्ट गरिएका सुचनाहरू राष्ट्रिय जनगणना, २०७८, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको फ्लेस रिपोर्ट, २०७९, चुलाचुली गाउँपालिकाका विषयगत शाखाहरूवाट प्राप्त सुचनाहरू, गाउँपालिकाको पार्श्वचित्र, र केन्द्रिय तथ्याङ्क विभागवाट समेत लिइएको छ ।यस स्थिति प्रतिवेदनले गाउँपालिकाको बालबालिकाहरूको सुचकहरू बालमैत्री अभियान सुरु गर्दाको अवस्था र घोषणाको अवधिमा प्राप्त हुने नतिजालाई तुलनात्मक अध्ययन गर्ने आधार वन्ने देखिन्छ।

नेपालको बालबालिका सम्वन्धी ऐन, २०७५ र बालबालिका सम्वन्धी नियमावली, २०७८ को नियम ८२(ठ) ले हरेक स्थानीय तहले बालबालिका सम्वन्धी स्थिती प्रतिवेदन प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। त्यसैगरी बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका, २०७८ को संस्थागत सुचकमा समेत बालबालिकाको स्थिती प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। यस प्रतिवेदनले चुलाचुली गाउँपालिकाको बालबालिकाहरूको अवस्था चित्रण का साथै लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी योजना निर्माणमा सघाउ पुर्याउने छ भन्ने विश्वास लिएका छौ।

चुलाचुली गाउँपालिकामा आ.व. ०८०/०८१ मा संस्थागत रूपमा बालमैत्री स्थानीय शासन कार्यक्रममा सहजीकरका साथै यो स्थिति प्रतिवेदन तयारीमा समेत सहजीकरण गर्ने अवसर प्राप्त भयो। यो अवसरका निम्ति आभार प्रकट गर्दै जसका लागि निरन्तर सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, बालकल्याण अधिकारी, स्वास्थ्य शाखा, शिक्षा शाखा, महिला तथा बालवालिका शाखा, योजना शाखा, राजनैतिक दल, सरोकारवाला साझेदार संघ संस्थाहरू, लक्षित समुह, विद्यालयहरू, बाल क्लव तथा बाल संजाल, गाउँपालिकाका सम्पूर्ण कर्मचारी, पत्रकार तथा सम्पुर्ण जनप्रतिनिधिहरू लगायत बालबालिकाको क्षेत्रमा कार्यरत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ।

सहजकर्ताको तर्फबाट

सुमन अधिकारी स्वस्तिका
शर्मा
प्रदेश समन्वय अधिकृत कार्यकारी
निर्देशक
राष्ट्रिय बालअधिकार परिषद एस.संकल्प
नेपाल प्रा.ली.

**विषय सुची**


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | जिल्लाको परिचय | १ |
| २ | चुलाचुली गाउँपालिकाको परिचय | |
| १ | | |
| ३ | भौगोलिक स्वरूप तथा सिमाना | २ |
| ४ | राजनैतिक तथा प्रशासनिक अवस्थिति | २ |
| ५ | स्थिति प्रतिवेदनको पृष्ठभुमी | ३ |
| ६ | स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य | ३ |
| ७ | स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरू | ३ |
| ८ | प्रतिवेदनमा समाविष्ट भएका विषयहरू | ४ |
| ९ | बालबालिका सम्वन्धी नीतिगत व्यवस्था | |
| | नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था | |
| ५ | | |
| १० | बालबालिका सम्वन्धी ऐन,२०७५ र | |
| | अन्य सम्वन्धित केही ऐनहरू | ५ |
| ११ | बालबालिका सम्वन्धी योजना,कार्ययोजा तथा | |
| | नीति तथा कार्यक्रम | ६ |
| १२ | क्षेत्रगत सुचना विश्लेषण | |
| | गाउँपालिकाको आधारभुत तथ्यांक | ७ |
| ११ | चुलाचुली गाउँपालिकाको उमेरगत जनसंख्या | ७ |
| १२ | गाउँपालिकाको जातिगत तथा धार्मिक | |
| | रूपमा समाविष्ट घरधुरीको अवस्था | ७ |
| १३ | गाउँपालिकाको बालबालिका सम्वन्धी जनसंख्या | |
| ७ | | |
| १४ | बालबचाउँ, गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण | ९ |
| १५ | बालसंरक्षण | ११ |
| १६ | बालविकास | १५ |
| १७ | बालसहभागिता | २० |
| १८ | संस्थागत प्रवन्ध | २२ |
| १९ | निश्कर्ष | २७ |
| २० | सन्दर्भ सामग्री | २९ |

# चुलाचुली गाउँपालिकाको बालबालिकाको स्थिति प्रतिवेदन,२०८१

## परिच्छेद १

### १.१ जिल्लाको परिचय

मुलुकको पछिल्लो राजनैतिक विभाजन अनुसार प्रदेश नम्बर एकमा पर्ने चौध जिल्लामध्ये इलाम एक हो । मुलुकको सुदूरपूर्वमा १७०३ वर्ग किलोमिटर क्षेत्र ओगटेको पहाडी जिल्ला इलामको उत्तरमा पाँचथर, दक्षिणमा झापा, पश्चिममा पाँचथर र मोरङ जिल्लाहरू अनि पूर्वमा भारतको पश्चिम बङ्गाल अन्तर्गत दार्जिलिङ्ग जिल्ला पर्दछ । इलामको पुरानो नाम खलङ्गा भएको केही प्राचीन लेखहरूमा उल्लेख छ । इलामको नामाकरणको सम्बन्धमा एतिहासिक, भौगोलिक, प्राकृतिक मानव शास्त्रीय आदि दृष्टिकोणले अध्ययन हुन बाँकी नै छ । तर पनि यसको नामाकरणका सम्बन्धमा निम्न अनुमानहरू लगाउने गरिन्छ ।इश्वीको १३०० वर्ष अघि पर्सिया (हालको इरान) का इलाम बंशी राजाले दक्षिण पश्चिम पर्सियाका काशी बंशी राजालाई विजय गरी सदाका लागि देश निकाला गरे र तिनीहरू पूर्वतर्फ लागे । तिनै मानिसहरू यहाँ आई बसोबास गरे र आफ्नो जन्मभूमिको सम्मानमा यो ठाउँको नाम पनि इलाम राखे ।त्यसै गरी इलामको अर्थ लेप्चा भाषामा पुत्का (एक प्रकारको मौरी) को मह हुन्छ, भने लिम्बू भाषामा घुमाउरो बाटो हुन्छ । प्राचीन शास्त्रीय मत अनुसार राजा सरियातीले पुत्र प्राप्तिका लाागि हालको माईपोखरीमा पुत्रेष्ठि यज्ञ गर्ने निश्चय गरे । उनकी पत्नि भने छोराको सट्टा छोरी चाहन्थिन् र यज्ञ गर्ने ब्राम्हणलाई खुसुक्क छोरी जन्मने यज्ञ गरिदिन आग्रह गरिन् । ब्राम्हणहरूले पनि रानीको आग्रह अनुरूप छोरी जन्मने यज्ञ गरिदिए । तत्पश्चात छोरी (इला) जन्मिइन् । छोरी जन्मेको देखेर राजा सरियाती इलामा (इला-छोरी र मा चाहिदैन) इलामा भन्न थाले । यही इलामा पछि इलाम भयो भन्ने पनि भनाइ छ । इलाम जिल्ला नेपाल एकीकरणपूर्व दश लिम्बूवानको एक अङ्ग स्वशासित प्रशासन रहेको थियो । यसक्षेत्रको सदरमुकाम नागरिगढीमा थियो । सुगौली सन्धिपछि २ वर्ष करफोक (लाप्चा भाषामा ढुकुर बस्नेठाउँ) मा वसेपछि विक्रम सम्वत १८७५ मा सदरमुकाम इलामडाँडामा सारियो । त्यसैले यो एकीरणकै समयदेखिको पुरानो सदरमुकाम कायम रहिरहेको जिल्ला पनि हो । नागरिगढीका पहिलो सुब्बा (प्रशासकीय प्रमुख) जयन्त खत्रीले नै सदरमुकाम करफोकबाट इलाम डाँडामा सारेका थिए ।

महाभारत र शिवालिक पर्वत शृङ्खलाको पूर्वदक्षिण काखमा अवस्थित नेपालको सुदूरपूर्वी पहाडी जिल्ला इलाम वास्तवमै प्राकृतिक दृष्टिले रमणीय छ । यहाँको चियाबारी, हरियाली, सानाठूला नदीनाला, पोखरी, मठमन्दिर, पर्वतीय शिखरहरू (श्री अन्तु, सन्दकपूर, सिद्धिथुम्का आदि) तथा अन्य प्राकृतिक सुन्दरता आदिले पर्यटकलाई आकर्षण गरिरहेका छन् । प्रकृतिको बरदानको रूपमा रहेको यहाँको उर्वर भूमि एवम् पौरखी कृषकहरूको अथक मेहनतले गर्दा यो जिल्ला कृषि उत्पादनमा अग्रणी मानिन्छ । सांस्कृतिक, र प्राकृतिक पक्षहरूमा समृद्ध यो जिल्ला पूर्वी पहाडकी रानी, नगदेबालीकी खानी जस्ता उपनामले चिनिन्छ । इलाम जिल्लालाई आठ अ  को जिल्ला भनेर चिनिने गरिएको छ । ‘अ’ को अर्थ अलैंची, अदुवा, अर्थोडक्स चिया, अकबरे खुर्सानी, ओलन, अम्रिसो, आलु र आतिथि सत्कार भनी परिभाषित गरिन्छ । हाल इलाममा अर्को नगदे बालीको रुपमा  किवि फलको उत्पादन पनि बढिरहेको देखिन्छ ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत झापाको चारआलीबाट मेची राजमार्गमा ७८ किलोमिटरको दूरी पार गरेपछि इलाम सदरमुकाम पुगिन्छ । भारतको दार्जिलिङसँग सीमा जोडिएको इलाममा हल्का भिराला पहाड, ससाना थुम्काथुम्कीमा देखिएको हरियाली एवं स्वच्छ हावापानीबाट पर्यटकहरू आकर्षित हुने गर्छन् । मनै लोभ्याउने प्राकृतिक सौन्दर्य नै यहाँको प्रमुख आकर्षण मानिन्छ । सन्दकपुर, छिन्तापु, श्रीअन्तु, सिद्धिथुम्काजस्ता रमणीय पहाडहरू यस जिल्लामा

रहेका छन् । जहाँ सयौं प्रजातिका चराहरू तथा विश्वकै दुर्लभ मानिएका रेड पाण्डा, दुम्सी, सालक लगायतका जनावरहरू पाइन्छ । यहाँका ऐतिहासिक बौद्ध गुम्बा, मन्दिर तथा लोपोन्मुख लाप्चा जातिका साथै राई, लिम्बू लगायतका अन्य जातजातिको संस्कृति नै इलामको सांस्कृतिक आकर्षण र पहिचान हो । विभिन्न जातजातिको बसोबास रहेको इलाम सांस्कृतिक रूपले अनेकतामा एकताको थलोका रूपमा पनि चिनिन्छ । लेप्चा, लिम्बू, राई, तामाङ, गुरूङ, शेर्पा, क्षेत्री, ब्राह्मण, नेवार आदि सम्प्रदायका मानिस यस जिल्लामा बसोबास गर्छन् । धान नाच, च्याब्रुङ, चण्डी नाच, मारुनी नाच, बालन, सगिँनी, डम्फु नाच आदि यहाँका जातीय सांस्कृतिक परम्परा हुन् ।

समुद्री सतहबाट १४० मिटर उचाइको तराईदेखि उत्तरतिर चुरे पहाड, मध्यपहाड हुँदै ३६३६ मिटरको उच्च पहाडसम्म पुग्ने इलामे धर्तीमा उचाइ अनुसारकै विविध प्रकारको हावापानी पाइन्छ । त्यसैले इलाम जैविक विविधतामा पनि धेरै धनी छ । विभिन्न नगदे वालीका लागि चर्चित इलाम जिल्ला महत्त्वपूर्ण नगदे बाली चियाको खेती सुरुवात गर्ने जिल्ला पनि हो ।  इलाम बजारको पश्चिम उत्तरी भागमा रहेको चिया कमान नेपालको पहिलो संगठीत कृषि उद्योग हो । यहाँ रहेको चिया कारखाना नेपालको जेठो औद्योगिक कारखाना हो जसबाट बि. सं. १९३५ मा नै प्रशोधित चिया बजारमा ल्याइएको थियो । अलैंची, आलु, अम्लिसो, अदुवा, दुध, किबी फल र विभिन्न प्रकारका जडिबुटी उत्पादनका लागि कहलिएको इलाम हरित कृषिको जिल्ला हो । अत्यन्त आकर्षक र मनमोहक प्राकृतिक सुन्दरताले भरिपूर्ण इलाम नेपालकै प्रमुख उत्तम पर्यटकीय गन्तव्यमा पर्दछ । विविध जात जातिको बसोबास रहेको इलाममा प्राचीन मठ मन्दिर र गुम्बाहरू सांस्कृतिक धरोहरका रूपमा रहेका छन् । लेप्चा जातिको बसोबास नेपालमा इलाम जिल्लामा मात्रै छ । धेरै प्रजातिका चरा, विभिन्न किसिमका पुतली र रेड पाण्डाको वासस्थान रहेको इलाममा प्राकृतिक पोखरी पनि उल्लेख्य मात्रामा छन् । इलामको हाँसपोखरी क्षेत्रलाई सुनगाभाको स्वर्ग भनेर चिनिन्छ । इलामकै उत्तरी भागमा उद्गमस्थल रहेका र दक्षिणतिर बग्ने चार माई खोलाका कारण पुराना मानिस अहिले पनि इलामलाई चारखोल भन्ने गर्दछन् ।

हालको **इलाम जिल्ला** नेपाल एकीकरण हुनु भन्दा अगाडि राई र लिम्बू जातिहरूको किराँत राज्य थियो। त्यसमा पनि प्राचीन समयमा लिम्बू जातिहरूकै बाहुल्यता भएकाले इलाम जिल्लाको नामाकरण लिम्बू भाषाबाट भएको मानिन्छ। महाभारत र शिवालिक पर्वत श्रृंखलाको पूर्व दक्षिण काखमा अवस्थित नेपालको सुदूर पूर्वी पहाडी जिल्ला इलाम बास्तवमै प्राकृतिक दृष्टिले रमणीय छ। यहाँको चियाबारी, हरियाली, साना-ठूला नदी-नाला, पोखरी, मठ-मन्दिर, पर्वतीय शिखर तथा अन्य प्राकृतिक सुन्दरता पर्यटक आकर्षणका तत्त्व हुन। प्राकृतिक बरदानस्वरूप रहेको यहाँको उर्वर भूमि एवं पौरखी कृषकहरूको अथक मेहनतले गर्दा यो जिल्ला आर्थिकरूपले धनी मानिन्छ। पूर्व-पश्चिम राजमार्गको चारआलीबाट मेची राजमार्गमा ७८ किलोमिटरको दुरी पार गरेपछि इलाम सदरमुकाम पुगिन्छ। इलाम जिल्लाको क्षेत्रफल १७०३ वर्ग किलोमिटर रहेको छ ।

## १.२ चुलाचुली गाउँपालिकाको परिचय

इलाम जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित चुलाचुली गाउँपालिका साबिकका चुलाचुली र साकफारा दुई गा.वि.स. मिलाएर बनाइएको छ । जिल्लाको पश्चिम दक्षिणी क्षेत्रमा अवस्थित यस गाउँपालिकाको कूल क्षेत्रफल १०८.४६ वर्ग किलोमिटर रहेको छ ।

६ वटा वडामा विभाजन गरिएको यस गाउँपालिकाको पूर्वमा माई नगरपालिका,पश्चिममा मोरङ जिल्ला उत्तरमा माङसेबुङ गाउँपालिका तथा दक्षिणमा झापा जिल्लासँग सिमाना जोडिएको छ । पूर्वपश्चिम राजमार्गसँग कच्ची सडकले जोडिएको यस गाउँपालिकामा पहाडी भूभागका अतिरिक्त केही समथर भूभाग समेत पर्दछ । यहाँ पर्ने चुरे क्षेत्रमा चुला ढुङ्गासरी मसिना पहाडहरू उठेकाले तिनकै आधारमा ठाउँको नाम चुलाचुली रहेको हुनसक्छ ।

दक्षिणको मैदानी भागमा उष्ण हावापानी र कृषियोग्य भूमि भएकोले पहाडी क्षेत्रबाट बसाइँसराइ गरी आएका मानिसहरूको बाहुल्यता रहेको चुलाचुली गाउँपालिकाको ठूलो भौगोलिक हिस्सा वनजंगलले ढाकिएको भएकाले जिल्लाका अन्य क्षेत्रमध्ये काष्ठ उद्योगहरूको राम्रो सम्भावना यस क्षेत्रमा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार २३ हजार १ सय ५७ जनसङ्ख्या बसोबास गर्ने यस क्षेत्रको औसत जनघनत्व २१४ प्रति वर्गकिलोमिटर रहेको छ ।

तराई क्षेत्रसँग जोडिने भएकोले तराई मूलका मानिसहरूको पनि यस क्षेत्रमा उल्लेखनीय बसोबास पाइन्छ ।

### भौगोलिक स्वरूप तथा सिमाना

साविक २ वटा गा.वि.स.(चुलाचुली र साकफारा) मिलेर हाल ६ वटा वडामा परिणत भई बनेको चुलाचुली गाउँपालिका कोसी प्रदेश अन्तरगत इलाम जिल्लामा अवस्थित पहाडी गाउँपालिका हो । गाउँ कार्यपालिकाको कार्यालय वडा नं ४ आइतबारेमा रहेको छ । यस गाउँपालिकाको पूर्वतर्फ माई नगरपालिका, पश्चिममा मोरङ जिल्लाको मिक्लाजुङ गाउँपालिका ,उत्तरमा माङ्सेवुङ गाउँपालिका र दक्षिणमा झापा जिल्लाको कमल गाउँपालिका रहेको छ । यस गाउँपालिकाको कूल क्षेत्रफल १०८.४६ वर्ग किलोमिटर रहेको छ ।

### राजनैतिक तथा प्रशासनिक अवस्थिति

इलाम जिल्लाको १० वटा स्थानीय तहहरू मध्ये चुलाचुली गाउँपालिका इलामको तराई र पहाडसँग जोडिएर रहेको विकासको प्रवल सम्भावना बोकेको गाउँपालिकाको रूपमा रहेको छ । यो गाउँपालिका साविक २ वटा गा.वि.स.का सवै वडाहरू मिलाएर वि.सं. २०७३ सालमा पुननिर्माण गरिएको हो । यस गाउँपालिकामा ६ वटा वडा रहेको छ ।

## १.३ स्थिति प्रतिवेदनको पृष्ठभुमी

चुलाचुली गाउँपालिकालाई आ.व.२०८२/८३ सम्म बालमैत्री गाउँपालिकाको रूपमा घोषणा गर्ने सन्दर्भमा व्यक्त भएका प्रतिवद्धताहरूलाई पुरा गर्नका लागि बालबालिका सम्बन्धी महासन्धी, १९८९, नेपालको संविधान २०७२, बालबालिका सम्बन्धी ऐन २०७५, बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका २०७८ ले व्यवस्था गरेका सुचकहरूको प्राप्ति गर्नका लागि गाउँपालिकाको बालबालिका सम्बन्धी आधारभूत अवस्थाको जानकारी प्राप्त गर्न आवश्यक हुन्छ ।गाउँपालिकाको बालबालिकाको आधारभूत अवस्थाका आधारमा तयार हुने रणनीति र कार्यनीतिहरूले बालमैत्री स्थानीय शासनको दीगोपनलाई समेत आत्मसाथ गर्ने भएकोले चुलाचुली गाउँपालिकाका विषयगत शाखाहरूबाट प्राप्त सूचनाहरू, वडाहरूबाट प्राप्त सूचनाहरू, टोलविकास संस्थाहरूबाट प्राप्त सूचनाहरूका

आधारमा बालमैत्री स्थानीय शासनका लागि निर्दिष्ट गरिएका सूचक अनुरूपका सूचनाहरू सङ्कलन र प्रशोधन र विश्लेषण गरी यो स्थिति प्रतिवेदन तयार गरिएको छ ।

## १.४ स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य

यस चुलाचुली गाउँपालिकाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन तयार गर्नुका निम्न बमोजिमका उद्धेश्यहरू रहेका छन् ।

क. बालमैत्री स्थानीय शासन घोषणाका लागि गाउँपालिकाका बालबालिकाको वास्तविक अवस्था पत्ता लगाउनु ।

ख. बालमैत्री स्थानीय शासन घोषणाका लागि तयार गरिने रणनीतिका लागि आधार तय गर्नु ।

ग. गाउँपालिकाले बालबालिका लागि वनाउने नीति, कार्यक्रम तथा योजनाका लागि सूचना प्राप्त गर्नु ।

## १.५ स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरू

यस गाउँपालिकाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन तयार गर्न निम्नानुसारका विधिहरू अपनाईएका छन् ।

क. प्राथमिक सूचना सङ्कलन

ख.द्वितिय सूचना सङ्कलन

प्राथमिक सूचना सङ्कलन कार्य अन्तरगत गाउँपालिकाका ६ वटै वडाहरूबाट प्राप्त भएको सूचनाहरूलाई प्रशोधन तथा विश्लेषण गरिएको थियो। त्यसैगरी विभिन्न विषयगत साना समूहहरूसँग छलफल गरी विषयगत सूचनाहरू प्राप्त गरिएको थियो ।यसरी टोलबाट प्राप्त भएको आधारभूत सूचनालाई आधारभूत प्रशोधनको कार्य भएको थियो ।

द्वितिय सूचना सङ्कलन : यस अन्तरगत बालबालिका सम्बन्धी विभिन्न कानूनी व्यवस्था, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रिय तथ्यांक विभागबाट प्रकाशित भएका सूचनाहरू, राष्ट्रिय बालअधिकार परिषद् बाट प्रकाशित भएका दस्तावेजहरू, EMIS, HIMS तथा गाउँपालिकाका विषयगत शाखाहरूबाट प्राप्त भएका सूचनाहरू, गाउँपालिकाबाट प्रकाशित दस्तावेजहरूलाई समेत आधारको रूपमा लिइएको छ ।

## १.६ प्रतिवेदनमा समाविष्ट भएका विषयहरू

यस प्रतिवेदनमा बालअधिकारका चार आधारहरू बालबचाउँ, बालसंरक्षण, बालविकास, बालसहभागिता र संस्थागत विकासका सूचनाहरूलाई समाविष्ट गरिएको छ ।

# परिच्छेद २
# बालबालिका सम्बन्धी नीतिगत व्यवस्था

## २.१ नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था

नेपालको संविधानमा बालबालिकाको विषयलाई प्राथमिकता दिईएको छ। संविधानको धारा ३९ मा बालबालिकाको हक शीर्षक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकहरूको व्यवस्था भएको छ। यी उपधाराहरू लगायत धारा १८, २०, २९, ३१, ३५, ४०, ४२, ४३ र ५१ मा उल्लिखित हकहरू बालबालिकाको लागि पनि आकर्षित हुन्छन। यस बाहेक धारा १० मा नागरिकता पाउने हक,धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा २७ मा सूचनाको हक, धारा २८ मा गोपनियताको हक लगायतका मौलिक हकहरू बालबालिकाप्रति आकर्षित हुन्छन्।

## २.२ बालबालिका सम्बन्धी ऐन २०७५ र अन्य सम्बन्धीत केही ऐनहरू

बालबालिका सम्बन्धी ऐन, २०४८ बालबालिकाका अधिकार तथा विषयहरू केन्द्रित विशिष्टीकृत पहिलो ऐन थियो। उक्त ऐनलाई खारेज गरी बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ। यस बीचमा नेपालमा बालबालिकाको मानव अधिकारसँग सम्बन्धित विभिन्न अवयवहरू तथा विषयहरू संविधान, कानुनहरू, नीति, आवधिक योजना, राष्ट्रिय कार्ययोजना लगायतमा समावेश गरी कार्यान्वयनको क्रममा विभिन्न संस्थागत संरचना स्थापना तथा पुनर्सथापना गरी अनेकन् कार्यहरू गरिसकिएको छ। यसको परिणामस्वरूप बालबालिकासँग सम्बन्धित गुणात्मक र संख्यात्मक सूचकहरूमा उल्लेख्य सुधार भइसकेका छन् भने नवीनतम् प्रयोग र जल्दाबल्दा समस्या तथा सवालहरूको सामना समेत गरिएका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकुल रहेको छ। यस ऐनमा बालबालिकाका मूलभूत अधिकारहरू (बाँच्न पाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, अविभेद हुने, बाबुआमासँग बस्ने र भेटघाट गर्न पाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने, अभिव्यक्ति स्वतन्त्रता र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने, गोपनीयता कायम गर्न पाउने, अपाङ्गताभएका बालबालिकाले विशेष सेवासुविधा पाउने, पोषण तथा स्वास्थ्य सेवा सुविधा पाउने, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक क्रियाकलाप गर्न पाउने, शिक्षा पाउने लगायत) सुनिश्चित गरिएका छन्। राज्यले, परिवार वा संरक्षकले, बालबालिका सम्बन्धी कार्य गर्ने निकाय वा संस्थाले र सञ्चार माध्यमले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायतका दायित्व निर्वाह गर्नुपर्ने प्रावधानहरू समावेश भएका छन्। यसैगरी, ऐनमा बालन्याय, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, वैकल्पिक हेरचाह, बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको व्यवस्था, बाल कोषको स्थापना तथा सञ्चालन, बालबालिका विरुद्धको कसूर लगायत बालबालिकाको कर्तव्य समेतको व्यवस्थाहरू भएका छन्। यद्यपि, यस ऐनमा समसामयिक तथा यथोचित व्यवस्थाहरू गर्न सुधार गन जरुरी देखिएको छ। बालबालिकाका आधारभूत अधिकार, संरक्षण र विकासका विषयहरू अन्य ऐनहरूमा पनि समावेश गरिएका छन्। उदाहरणका लागि,

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, राष्ट्रिय खोप ऐन, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, श्रम ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, जन स्वास्थ्य सेवा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरू रहेका छन् ।

## २.३ बालबालिका सम्बन्धी योजना,कार्ययोजा तथा नीति तथा कार्यक्रम

पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरीको विषयलाई एकीकृत रूपमा समावेश गरिएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीहरूलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ र उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु,
- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु,
- बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका
- हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४–२०८३), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, शिक्षा क्षेत्रको योजना (मस्यौदा) (२०७८–८७), विद्यालय क्षेत्र विकास योजना (२०७३÷७४–२०७९÷८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव–प्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई–हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप, २०७७ लगायतका दस्तावेजहरू कार्यान्वयनमा रहेका छन् ।

## परिच्छेद ३

# क्षेत्रगत सूचना विश्लेषण

## ३.१ गाउँपालिकाको आधारभुत तथ्यांक

### ३.१.१ चुलाचुली गाउँपालिकाको जनसङ्ख्या


यस चुलाचुली गाउँपालिकाको ६ वटै वडाका जनसङ्ख्या २३१५७ जना रहेको जसमा महिला ११८२३ र पुरुष ११३३४ जना रहेको छ। यसरी हेर्दा गाउँपालिकामा ५१ प्रतिशत महिला र ४९ प्रतिशत जनसङ्ख्या पुरुषको रहेको छ ।

तालिका नं.१ चुलाचुली गाउँपालिकाको जनसङ्ख्या

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ११८२३ | ११३३४ | २३१५७ |

स्रोत राष्ट्रिय जनगणना २०७८

चित्र नं.१ चुलाचुली गाउँपालिकाको जनसङ्ख्यात्मक अवस्था




### ३.१.२ गाउँपालिकाको जातिगत तथा धार्मिक रूपमा समाविष्ट घरधुरीको अवस्था

चुलाचुली गाउँपालिकाको ६ वटै वडामा रहेका जनसङ्ख्याको जातिगत घरधुरीका आधारमा विश्लेषण गर्दा जम्मा घरधुरी ५६१३ रहेकोमा याक्थुङ,लिम्बू २६.६%, राई २६% वाहुन ११.९% क्षेत्री ८.८% तामाङ ४.९%, विश्वकर्मा ४.७% नेवार ४.४% मगर २.३%, कुलुङ १.६%, परियार १.६% रहेकाछन् ।त्यसैगरी धर्मका आधारमा हिन्दु ३६.६%, किरात ५१.८% , वौद्ध ७.२%, ईसाई ४.५%, वाँकी अन्य रहेकाछन्।


## ३.१.४ गाउँपालिकाको बालबालिका सम्बन्धी जनसङ्ख्या

चुलाचुली गाउँपालिकाको बालबालिका सम्बन्धी प्राप्त सुचनका आधारमा यस गाउँपालिका ६ वटै वडामा १८ वर्ष उमेर सम्मका जम्मा जनसङ्ख्या ७४७६ जना रहेका छन् । जसमा बालक ३८५२ र बालिका ३६२४ जना रहेकाछन् ।गाउँपालिकाको समग्र जनसङ्ख्याको आधारमा बालबालिकाको जनसङ्ख्या ३२.२८% रहेको छ भने बालक ५१.५२ % र बालिका ४८.४७% रहेका छन् ।

तालिका नं.२ बालबालिकाको उमेरगत जनसङ्ख्याको विवरण

| उमेर समूह | जम्मा | बालक | बालिका |
|---|---|---|---|
| 0 Year | 337 | 166 | 171 |
| 1 Year | 281 | 144 | 137 |
| 2 Year | 322 | 154 | 168 |
| 3 Year | 361 | 189 | 172 |
| 4 Year | 380 | 203 | 177 |
| 5 Year | 407 | 215 | 192 |
| 6 Year | 460 | 229 | 231 |
| 7 Year | 399 | 216 | 183 |
| 8 Year | 464 | 248 | 216 |
| 9 Year | 396 | 213 | 183 |
| 10 Year | 415 | 235 | 180 |
| 11 Year | 335 | 176 | 159 |
| 12 Year | 401 | 199 | 202 |
| 13 Year | 405 | 196 | 209 |
| 14 Year | 390 | 194 | 196 |
| 15 Year | 413 | 207 | 206 |
| 16 Year | 441 | 239 | 202 |
| 17 Year | 363 | 174 | 189 |
| 18 Year | 506 | 255 | 251 |
| Total | 7476 | 3852 | 3624 |

चित्र नं.२ गाउँपालिका बालबालिकाको संख्यात्मक अवस्था




## ३.१.५ वडास्तरमा बालबालिका तथा किशोरकिशोरीहरूको जनसङ्ख्याको अवस्था

तालिका नं.३ वडास्तरमा बालबालिकाको संख्या

| वडा नं. | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| १ | ९४२ | ८८० | १८२२ |
| २ | ७०६ | ६६५ | १३७१ |
| ३ | ७४३ | ७०२ | १४४५ |
| ४ | ५९१ | ५६१ | ११५२ |
| ५ | ५३७ | ४८७ | १०२४ |
| ६ | ५४४ | ५५३ | १०९७ |

राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८को नतिजा अनुसार चुलाचुली गाउँपालिकाका वडागत रूपमा बालबालिका र किशोरकिशोरीहरूको तथ्यांकलाई हेर्दा सबै भन्दा वढी वडा नं. १ मा १८२२ र सबै भन्दा कम वडा नं.५ मा १०२४ जना रहेको देखिन्छ।

## ३.२ बाल बचाउँ

### ३.२.१ गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण

आ.व.२०८० वैसाख देखी २०८० चैत्र मसान्तसम्ममा यस गाउँपालिकाका २६५ महिलाहरू गर्भवती भएको देखिन्छ भने प्रसुती पूर्व गरिने आठ पटकको स्वास्थ्य परिक्षण पुरा गर्ने १६४ जना रहेको पाईयो। आ.व.२०८० वैसाख देखी २०८० चैत्र मसान्त सम्ममा जम्मा गर्भवती २६५ भएकोमा गर्भजाँच गराउने संख्या १६४ भएको देखिन्छ। यसरी हेर्दा गाउँपालिकाभित्रका स्वास्थ्य संस्था तथा चुलाचुली अस्पतालमा आई प्रसुती पूर्वको ८ पटकको स्वास्थ्य परिक्षण गर्ने ६१.८८% रहेको छ।यस गाउँपालिकाको झापा जिल्लास्थित दमक नगरपालिकासँग छोटो दूरीमा सिमान जोडिएका कारण अधिकांश नागरिकहरू स्वास्थ्य सेवा लिन दमक नगरपालिका जाने गरिएको र गर्भवती महिलाहरू पनि सुरुवाती स्वास्थ्य परीक्षणपश्चात् प्रसुतीसम्म नै दमक नगरपालिका जाने गरेका छन्।

स्रोत चुलाचुली गाउँपालिका स्वास्थ्य शाखा प्रतिवेदन, २०८०

### ३.२.२ सुरक्षित सुत्केरी

यस गाउँपालिकामा आ.व.२०८० वैसाख देखी २०८० चैत्र मसान्त सम्ममा गर्भवती भएका महिलाहरू मध्ये २ जना पालिकाभित्रको स्वास्थ्य संस्थामा भएका छन् भने बाँकी दमक नगरपालकास्थित आम्दा अस्पताल तथा लाईफ लाईन अस्पतालमा सुत्केरी भएको पाइन्छ।

### ३.२.३ सुत्केरी पश्चात स्वास्थ्य परिक्षणको अवस्था

चुलाचुली गाउँपालिकाका आ.व.२०८० वैसाख देखी २०८० चैत्र मसान्त सम्ममा २६५ जना गर्भवती महिलाहरूमध्ये १७६ जनाले सुत्केरी पश्चातको स्वास्थ्य परीक्षण गराएका छन् भने ८९ जनाले सुत्केरी पश्चात स्वास्थ्य परिक्षण यस पालिकाभित्रका स्वास्थ्य संस्था तथा अस्पतालमा गरिएको पाईएन।

### ३.२.४ बच्चा जन्मेको ६ महिना सम्म आमाको मात्र दुध खुवाएको र अन्य खानेकुरा खुवाएको अवस्था

बच्चालाई जन्मेको ६ महिनासम्म आमाको मात्र दुध खुवाउनु बच्चाको स्वास्थ्यको लागि अति जरुरी हुन्छ। यसै सन्दर्भमा चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त सूचना अनुसार १७६ जना ६६.४१% सुत्केरी महिलाहरूले ६ महिना सम्म आफ्नो मात्र दुध खुवाएको पाईयो ।३३.५९% आमाहरूले दुधको साथै अन्य खानेकुराहरू पनि खुवाएका छन्। जसमा ल्याक्टोजिन, झोलिलो खानेकुरा, गाई भैसीको दुध, दालभात सर्वोत्तम पिठोको लिटो रहेकाछन्।

### ३.२.५ खोपको अवस्था

चुलाचुली गाउँपालिकाका नेपाल सरकारले व्यवस्था गरिएको सबै प्रकारका खोपहरू लिने बालबालिकाहरू १४२८ रहेको तथ्यांक चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाबाट देखिन्छ ।चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन,२०८० अनुसार ८३३ शिशु ० देखी १ वर्षमुनीका रहेको मा २३० शिशुले विसिजी, ८३३ ले पेन्टाभ्यालेण्ट २८४ ले पोलियो तेस्रो, ३३९ ले दादुरा/ रुवेला को खोप लिएको देखिन्छ।


## ३.२.६  ६ महिना देखी ५ वर्ष सम्मका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था :

चुलाचुली गाउँपालिकाका सबै वडामा यस वर्ष ६ महिनादेखी ५ वर्ष उमेर सम्मका १००%  बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था रहेको देखिन्छ। जुकाको औषधी  र भिटामिन ए खुवाउने १०० % रहेको छ।

## ३.२.७ गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको/नलिएको अवस्था

गर्भावस्थामा हुने रक्तश्राव र रगतको कमीबाट हुने जोखिमलाई न्यूनिकरण गर्न हरेक गर्भवती महिलाले २२५ वटा आईरन चक्की खानुपर्ने र २ पटक टिडि खोप लगाउनु पर्ने व्यवस्था गरिएको छ। जस अन्तरगत २०८० वैसाख देखी २०८० चैत्र सम्म गर्भवती भएका २६५ महिला मध्ये २६५ पहिलो जाँचमा र २६५ जनाले २+२  टिडि खोप लिएका छन् ।त्यसैगरी दमक नगरपालिकाभित्रका अस्तालबाट सेवा लिने बाहेक चुलाचुली गाउँपालिकाभित्रका स्वास्थ्य संस्था तथा अस्पतालबाट मात्रै १६४ महिलाले आईरन चक्की सुत्केरी हुनुपुर्व खाएका छन्।

**चित्र ३  गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको नलिएको अवस्था**




स्रोत चुलाचुली गाउँपालिका स्वास्थ्य शाखा प्रतिवेदन,२०८०

## ३.२.८ एच.आई.भी सम्बन्धी विवरण

बालमैत्री स्थानीय शासन अन्तरगतको एउटा महत्वपूर्ण पाटोको रूपमा रहेको एचआईभी सक्रमितहरूको व्यवस्थापन र उपचार को व्यवस्था पनी रहेको छ। यस गाउँपालिकाको ६ वटा वडाहरू रहेका ० जनामा ० जना एचआईभी सक्रमितहरू रहेको र उनिहरूको पनि उपचार भएको छ।

## ३.२.९ बालबालिकाको कुपोषण सम्बन्धी अवस्था

चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार ६ वटा वडाहरूमा रहेका ५ वर्षमुनीका बालबालिकाहरू मध्ये कुपोषित बालबालिकाहरूको संख्या २१ रहेको देखिन्छ। जुन कुल बालबालिकाहरूको संख्याको १.४७ प्रतिशत हुन आउछ

## ३.२.१० प्राथमिक स्वास्थ्य केन्द्र सम्म पहुँचको अवस्था

वि.सं. २०८० सालसम्ममा चुलाचुली गाउँपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र ० वटा, स्वास्थ्य चौकी २ वटा, ३ वटा आधारभुत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक २ वटा, वर्थिङ सेन्टर २ वटा, खोपकेन्द्र ९ वटा र नगर अस्पताल १ रहेको छ।


## ३.२.११ स्वास्थ्य संस्था तथा स्वास्थ्य सम्बन्धी मानवीय स्रोतको अवस्था

यस गाउँपालिकामा एक नगर अस्पताल, ० प्राथमिक स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र ३ वटा, स्वास्थ्य चौकी २ वटा र गाउँघर क्लिनिक २ वटा रहेका छन्। यसरी ५ वटा स्वास्थ्य संस्था र २ गाउँघर क्लिनिकहरूमा २६ जना स्वास्थ्यकर्मीहरूले सेवा प्रदान गर्दै आईरहेको देखिन्छ। जसमा मेडिकल अधिकृत १,जनस्वास्थ्य अधिकृत ०, सिअहेव छैठौं ०, अनमी छैठौं १, जनस्वास्थ्य निरीक्षक १, सिअहेव ४, सिअनमी, ३, हेल्थ असिस्टेन्ट ४, स्टाफ नर्स २, अहेव २, अनमी ६, ल्याव टेक्निसियन २ जना रहेको अवस्था छ।

## ३.२.११ खानेपानीको स्रोत तथा सुद्दिकरण सम्बन्धी अवस्था

यस गाउँपालिकामा खानेपानीको अवस्थालाई हेर्दा ५६१३ घरधुरी मध्ये ६०.३ प्रतिशत घरधुरीले ट्यूवेल/हातेपम्पको पानीको प्रयोग गर्ने गरिएको पाईयो भने २३ प्रतिशत घरधुरीले स्थानीय स्तरमा पाइप लाईनबाट वितरित पानी पिउने गरेका छन्। बाँकी घरधुरीले कुवा, खोलाको पानी प्रयोग गर्ने गरिएको देखिन्छ।


**चित्र नं.४ खानेपानी प्रयोगको अवस्था**



### ३.२.१२ शौचालय र सरसफाई सम्बन्धीको व्यवस्था

चुलाचुली गाउँपालिका खुल्ला दिसामुक्त गाउँपालिकाको रूपमा घोषित भईसकेको र यसको दीगोपनाको रूपमा कार्य गर्दै आईरहेको छ। बालमैत्री स्थानीय शासनका सुचकहरू मध्ये यो सुचक पनी रहने गर्दछ राष्ट्रिय जनगणना,२०७८ अनुसार यस गाउँपालिकामा ५६१३ घरधुरी मध्ये ५२.६% घरधुरीमा सेफ्टी ट्यांकी सहितको सौचालय रहेको छ।त्यसैगरी४२ % घरमा साधारण सौचालय रहेको छ त्यसैगरी यस गाउँपालिकामा रहेका विद्यालय, स्वास्थ्य संस्था, र सार्वजनिक गरी ३५ वटा सार्वजनिक शौचालयहरू रहेका छन्।

**चित्र नं.५ सौचालय प्रयोग सम्बन्धी अवस्था**




## ३.३.बालसंरक्षण

बालबालिकाकहरूको गर्भावस्था देखिनै संरक्षण पाउने अधिकार रहन्छ। सुरक्षित रूपमा जन्मन पाउँने, जन्मिएपछि नाम र पहिचानको अधिकार हुदैं विभिन्न जोखिमहरूबाट संरक्षण पाउने अधिकार रहन्छ। यस परिच्छेदमा बाल अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरूमध्ये आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४) अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), पीडित बालबालिकाको पुनस्थापना (धारा ३९), बाल न्याय (धारा ४०) लगायतका विषयहरूमा उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण समावेश छ (अनुसूची १)। दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नुपर्ने, राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख छ। विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने तथा आवश्यकता अनुरूप संरक्षक तोक्ने सम्बन्धमा समेत ऐनले व्यवस्था गरिएको छ। त्यसैगरी हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था समेत ऐनले गरिएको छ। बाल कल्याण अधिकारीले बालबालिकाको तत्काल उद्धार गर्नुपर्ने

देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ । सहयोग प्रायोजन, परिवार सहयोग, संरक्षक नियुक्ति, धर्मपुत्र÷धर्मपुत्री, आवासीय बालगृह लगायत बालबालिकाको संरक्षणको लागि आवश्यक व्यवस्थापन गर्ने प्रावधानहरू रहेका छन् । यी कानुनी प्रावधानहरूबाट नेपालको कानुन बालमैत्री रहेको देखिन्छ ।
यसका आधारभुत सुचकहरूको आधारमा चुलाचुली गाउँपालिकामा बालसंरक्षणको अवस्था विश्लेषण गरिएको छ ।


## ३.३.१ जन्मदर्ता सम्बन्धी अवस्था

गाउँपालिकाका सबै वडाका जनगणना प्रतिवेदन अनुसार जम्मा १३५८ जनाको (६५%) बालबालिकाको जन्मदर्ता भएको छ । अझै ७३० जना (३५%) बालबालिकाको जन्मदर्ता नभएको देखिन्छ ।
त्यसै गरी गाउँपालिकाको पञ्जिकरण शाखाबाट प्राप्त सूचना अनुसार २०८० वैसाख देखी २०८० चैत्र सम्म गाउँपालिकामा जन्मदर्ताको अवस्था यस्तो देखिन्छ र

तालिका नं.४ जन्मदर्ताको अवस्था

| क्र.सं. | जन्मदर्ता | | जम्मा |
|---|---|---|---|
| | बालक | बालिका | |
| १ | ३३८ | ३६१ | ७०७ |

चित्र नं.६ जन्मदर्ताको अवस्था



### वडास्तरमा जन्मदर्ताको अवस्था

| वडा नं. | बालक | बालिका | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | १०५ | १२४ | | २२९ |
| २ | २८ | ३६ | | ६४ |
| ३ | ८४ | ६१ | | १४५ |
| ४ | २८ | ५२ | | ८० |
| ५ | ४० | ४० | | ८० |
| ६ | ५३ | ४८ | | १०९ |
| | ३३८ | ३६१ | | ७०७ |

स्रोत : चुलाचुली गाउँपालिका पञ्जिकरणको प्रतिवेदन २०८०

यस तथ्यांकले समुदाय स्तरमा जन्मदर्ताको वारेमा व्यापक सचेतना पुर्याउन आवश्यक रहेको देखिन्छ।

### ३.३.२ बालविवाहको अवस्था

बालविवाह अहिलेको जल्दोवल्दो समस्याको रूपमा रहेको छ। नेपालले सन २०३० सम्म बालविवाहमुक्त नेपालको घोषणा गरिएको अवस्थामा स्थानीय स्तरमा बालविवाह जटिल समस्याको रूपमा रहेको देखिन्छ। कानुनत २० वर्षमुनीको विवाहदर्ता नहुने भएकोले बालविवाहको अवस्थाको पहिचान हुन सकेको छैन। तथापी समाजमा २० वर्षमुनीको विवाह हुने गरिएको छ। जनगणना २०७८ अनुसार गाउँपालिकामा विवाह गर्ने जनसङ्ख्या ६३% रहेको छ जसमा २० वर्षभन्दा कम उमेरमा विवाह गर्नेकोको ३०.६४% रहेको देखिन्छ भने पुरुषको तुलनामा महिलाको २० वर्षभन्दा कम उमेरमा वढी विवाह भएको देखिन्छ। नेपाल प्रहरी, प्रहरी चौकी पेल्टिमारीको २०८०को प्रतिवेदन अनुसार आ.व.२०८०/८१ को चैत्र मसान्त सम्ममा बालविवाहको कुनै पनी उजुरी नभएको देखिन्छ। बालमैत्री वडा घोषणाको अन्तिम तयारीमा रहेका वडाहरुमा गरिएको स्थलगत निरीक्षण एवम् घरधुरी सर्वेक्षणबाट भने गत आ.व. मा बाल विवाहको भएको तथ्याङ्क भेटिदैन।

### ३.३.३ बालश्रम सम्बन्धी अवस्था

यस गाउँपालिकाका वडा नं.१ देखी ६ सम्म रहेका कुल ७४७६ बालबालिकाहरू मध्ये ७ जना बालबालिका बालश्रममा संलग्न भएको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनले देखाएको छ जसमा ७ जना बालक रहेको देखिन्छ।नेपाल प्रहरी, प्रहरी चौकी पेल्टिमारीको २०८०/८१को प्रतिवेदन अनुसार आ.व.२०८०/८१ मा बालश्रमको कुनै पनी उजुरी नभएको देखिन्छ।

### ३.३.४ बालबालिका माथी भएको दुर्व्यवहार तथा हिंसाको अवस्था

नेपाल प्रहरी, प्रहरी चौकी पेल्टीमारीको प्रतिवेदन अनुसार चुलाचुली गाउँपालिकामा बालबालिकाहरूमाथी विशेष गरी जवरजस्ती करणी यौनदुर्व्यवहारका केसहरु स्थानीय प्रहरी चौकीमा दर्ता नभए पनि सिधै जिल्लामा दर्ता हुने गरेका र

उक्त घटनाहरु हुने गरेको पाइन्छ भने बालबालिका माथी हुने कुटपिट खास देखिदैन । ईलाका प्रहरी कार्यालयको प्रतिवेदन अनुसार आ.व.२०७९/८० र २०८०/८१ को बालबालिका माथी भएको हिंसा तथा दुर्व्यवहारको कुनैपनी जानकारी तथा सूचना प्राप्त नभएको देखियो ।

प्रहरी चौकी पेल्टिमारीबाट प्राप्त बाल हिंसा तथा दुर्व्यवहार सम्बन्धी उजुरी विवरण

| हिंसा तथा दुर्व्यवहारको प्रकार | २०७९/०८० | | | २०८०/०८१ | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| बाल यौन दुर्व्यवहार | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | |
| जवरजस्ती करणी | | | | | | | |
| बालबालिकामाथि कुटपिट तथा हिंसा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| बालबालिका हराएको | 0 | 0 | 0 | ३ | ५ | ८ | |
| भेटिएको | 0 | 0 | 0 | 0 | १ | | |
| सडक बालबालिका उद्धार | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| लागु औषध ओसारपसारमा संलग्न बालबालिका | 0 | 0 | 0 | 0 | 0 | 0 | लागु औषधमा संलग्न बालबालिकाहरु भएको तर लिखित उजुरी प्राप्त नहुने गरेको |

स्रोतः पेल्टिमारी प्रहरी चौकी

## ३.३.५ बालबालिकाहरूको संरक्षणको अवस्था

चुलाचुली गाउँपालिकामा बालबालिकाहरूको संरक्षणको अवस्थालाई हेर्दा बालबालिकाहरू आमावुवा, वुवा वा आमा, तथा अन्य संरक्षणको आधारमा निम्नानुसार रहेको देखिन्छ।


तालिका ६ : बालबालिकाको वसाईको अवस्था

| विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| बुवा आमा दुवैसँग वस्ने | २६०३ | २४३७ | ५०४० |
| आमासँग मात्र वस्ने | ६२६ | ५७८ | १२०४ |
| बुवासँग मात्र वस्ने | १२८ | १०० | २२८ |
| बुवा र सौतेनी आमासँग | ५० | ३६ | ८६ |

| | | | |
|---|---|---|---|
| वस्ने | | | |
| अन्य नातेदार | १७५ | २१० | ३८५ |
| आमा र सौतेनी वुवा | ७ | ७ | १४ |
| रोजगारदाताहरू र अन्यसँग | ७ | | ७ |

स्रोत राष्ट्रिय जनगणना,२०७८


चित्र नं.६ बालबालिकाहरूको वसाई सम्बन्धी अवस्था




## ३.३.६ बालबालिका घरमुली भएको अवस्था

बालबालिका आफै संरक्षित हुनुपर्ने अवस्थामा विभिन्न कारणहरूले बालबालिकाहरू सानै उमेरबाट घरपरिवारको जिम्मेवारी वहन गर्न पुगेका हुन्छन । जसका कारण उनीहरूको बाल्यकालको उपभोग गर्नबाट समेत वञ्चित हुन पुग्दछन् । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार चुलाचुली गाउँपालिकामा बालबालिकाहरूको घरमुली भएको संख्या समेत उल्लेख्य रहेको देखिन्छ ।जसमा १४ वर्ष मुनीका १ बालक र २ बालिका घरमुली रहेकाछन् भने १५ देखी १९ वर्ष उमेर समूहका १५ किशोर र ९ किशोरी घरमुलीको रूपमा रहेका छन् ।

चित्र:७ घरमुलीको रूपमा बालबालिका




## ३.३.७ अपाङ्गता भएका बालबालिकाको विवरण

अपाङ्गता भएका बालबालिकाहरू सवलाङ्ग बालबालिका भन्दा वढी जोखिमपुर्ण हुने गर्दछन् । उनीहरूलाई अन्यलाई भन्दा वढी संरक्षण गर्न जरुरी हुन जान्छ । त्यसै क्रममा चुलाचुली गाउँपालिकामा ७१८ जना अपाङ्गता भएका व्यक्तीहरू मध्ये ३१ जना बालबालिकाहरू रहेका छन् । अपाङ्गताको प्रकार अनुसार बालबालिकाहरूको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं.७ अपाङ्गता भएका बालबालिकाको विवरण

| अपाङ्गताको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शारीरिक | ५ | ११ | १६ |
| वौद्धिक | २ | १ | ३ |
| वहिरा | ० | २ | २ |
| सुस्तश्रवण | ० | १ | १ |
| दृष्टिविहिन | ० | ० | ० |
| पूर्ण दृष्टिविहिन | ० | ० | ० |
| न्यून दृष्टिविहिन | ३ | ० | ३ |
| श्रवण दृष्टिविहिन | ० | ० | ० |
| स्वरवोलाई सम्बन्धी | २ | १ | ३ |
| अटिजम | २ | ० | २ |

| | | | |
|---|---|---|---|
| मनोसामाजिक अपाङ्गता | ० | ० | ० |
| वहुअपाङ्गता | १ | ० | १ |
| जम्मा | | | ३१ |

स्रोत : महिला तथा बालबालिका शाखा, चुलाचुली गाउँपालिका

### ३.३.८ गाउँपालिकामा प्रहरी कार्यालयको अवस्था

बालसंरक्षण प्रणालीको एउटा महत्वपूर्ण पक्ष भनेको प्रहरी हो। बाल संरक्षणका हरेक विषयहरू प्रहरीसँग सम्बन्धीत रहेका हुन्छन। यस विषयसँग सम्बन्धीत सूचनाका आधारमा पालिकाक्षेत्रभित्र रहेका प्रहरी कार्यालयहरूको विवरण निम्नानुसार रहेको छ।यस चुलाचुली गाउँपालिका वडा नं ३ मा प्रहरी चौकी पेल्टिमारी रहेको छ भने वडा नं ६ मा प्रहरी चौकी पाख्रिनटार गरी दुई प्रहरी चौकी र वडा नं १ मा १ वटा ससस्त्र प्रहरी वेश क्याम्प रहेको छ।

## ३.४ बालविकास

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) संग सम्बन्धित विषयहरू समेटिएका छन्। नेपालको संविधानले बालबालिकाको शिक्षा तथा विकासलाई प्रत्याभूत गरिएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरू रहेका छन्

(१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।
(२) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।
(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानुन बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ।
(४). दलित बालबालिकालाई प्रचलित कानुन बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ।


### ३४.१. प्रारम्भिक बाल विकास

प्रारम्भिक बाल विकास बालबालिकाको औपचारिक शिक्षा विकासमा आधारशिला नै हो। यस विषयमा सरकार संवेदनशील रहेको छ। नेपालको संविधानले प्रारम्भिक बाल विकासको विषयलाई मौलिक हकमा नै उल्लेख गरिएको छ। शिक्षा ऐन तथा शिक्षा नियमावली लगायतका कानूनी व्यवस्थाहरूमा प्रारम्भिक बाल विकासलाई स्थान दिइएको छ। प्रारम्भिक बाल विकास निर्देशिका, २०६३ मा बाल विकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ।

### क. प्रारम्भिक बालविकास केन्द्रहरूको अवस्था

| विद्यालयको विवरण | संख्या |
|---|---|
| सामुदायिक | २२ |
| संस्थागत | ७ |
| जम्मा | २९ |

### चित्र नं. ८ बालविकास केन्द्रको संख्यात्मक चित्र




स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा

### ख.बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरूको संख्यात्मक विवरण

| विद्यालयको विवरण | संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| सामुदायिक | २२ | २६० | २७२ | ५३२ |
| संस्थागत | ७ | २६५ | २३७ | ५०२ |
| जम्मा | २९ | ५२५ | ५०९ | १०३४ |

### ग. बालविकास केन्द्रमा बालबालिकाहरूको जातिगत विवरण

| बालविकास केन्द्रको विवरण | संख्या | दलित | | | जनजाति | | | मधेशी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सामुदायिक | २२ | ३१ | २३ | ५४ | २४४ | २६० | ५०४ | ४ | ३ | ७ |
| संस्थागत | ७ | १३ | १६ | २९ | १५५ | १७८ | ३३३ | १ | ० | १ |
| जम्मा | २९ | ४४ | ३९ | ८३ | ३९९ | ४३८ | ८३७ | ५ | ३ | ८ |

स्रोतः फ्लेस रिपोर्ट,२०२३

घ. बालविकास केन्द्रमा खुँद र कुल भर्नादरको अवस्था

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुँद भर्नादर | ४९.२२ | ५७.७८ | १००% |
| कुल भर्नादर | ४९.२२ | ५७.७८ | १००% |

ङ सामुदायिक बालविकास केन्द्रमा सामग्रीहरूको उपलब्धता

| बालविकास केन्द्र संख्या | टेक्सवुक | शिक्षक मार्गदर्शन | सिकाई सामग्री | वुक कर्नर | सन्दर्भ सामग्री |
|---|---|---|---|---|---|
| २२ | भएको | भएको | भएको | नभएको | भएको |

स्रोत : शिक्षा शाखा,चुलाचुली गाउँपालिका

## ३.४.२. विद्यालय र विद्यार्थीको अवस्था

यस गाउँपालिकामा जम्मा ५२ वटा विद्यालयहरू रहेकाछन् । जसमा चुलाचुली गाउँपालिकाका लगायत आसपासका स्थानीय तहहरूबाट समेत बालबालिकाहरू अध्ययन गर्न आउने गरेका छन् । विद्यालयको संख्यात्मक विवरण निम्नानुसार रहेको छ ।

क. विद्यालयको तहगत विवरण

| जम्मा विद्यालय | आधारभुत१-३ | आधारभुत१-५ | आधारभुत ६-८ | माध्यमिक ९-१० | माध्यमिक ११-१२ |
|---|---|---|---|---|---|
| २७ | २ | ९ | ७ | ६ | ३ |


ख. सामुदायिक र संस्थागत विद्यालयको विवरण

| विद्यालयको प्रकार | आधारभुत १-३ | आधारभुत १-५ | आधारभुत ६-८ | माध्यमिक ९-१० | माध्यमिक ११-१२ | जम्मा विद्यालय |
|---|---|---|---|---|---|---|
| सामुदायिक | १ | 9 | २ | ५ | ३ | |
| संस्थागत | १ | 0 | ५ | १ | ० | |

ग. कक्षा १ मा भर्नादरको अवस्था ( % मा)

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुँद भर्नादर | १०३ | १०४.६ | १०३.९ |
| कुल भर्नादर | ९३.९ | ९७.१ | ९५.८ |

## चित्र नं. ९ कक्षा १ मा भर्नादरको अवस्था




## घ. आधारभुत तह कक्षा १ देखी ८ सम्मको भर्नादरको अवस्था

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुँद भर्नादर | १२७.२ | १२७.१ | १२७.१ |
| कुल भर्नादर | ९४.७ | ९४.७ | ९४.७ |

## ङ. विद्यालय तहमा बालबालिकाहरूको संख्या

| तह | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| कक्षा १-५ | ७९४ | ९८९ | १७८३ |
| कक्षा ६-८ | ५५१ | ५५० | ११०१ |
| कक्षा ९-१० | २९४ | २९३ | ५८७ |
| कक्षा ११-१२ | ९० | ३७ | १२७ |

## च. विद्यालयमा बालबालिकाहरूको जातिगत उपस्थिति

| विद्यालयको विवरण | दलित | | | जनजाति | | | मधेशी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सामुदायिक | १३४ | ११६ | २५० | ११२७ | १०७७ | २२०४ | १२ | ८ | २० |
| संस्थागत | ० | ० | ० | ३१० | ४३३ | ७४३ | २ | ५ | ७ |
| जम्मा | १३४ | ११६ | २५० | १४३७ | १५१० | २९४७ | १४ | १३ | २७ |

छ. कक्षा दोहोर्याउने र कक्षा छोड्नेको अवस्था

| कक्षा दोहोर्याउने % | | | | विद्यालय छाड्ने % | | | |
|---|---|---|---|---|---|---|---|
| तह | बालिका | बालक | जम्मा | तह | बालिका | बालक | जम्मा |
| कक्षा १-५ | ३.६ | ५.५ | ४.७ | कक्षा १-५ | २.६ | २.७ | २.६ |
| कक्षा ६-८ | ४.१ | ८.१ | ६.१ | कक्षा ६-८ | २.३ | २.८ | २.६ |
| कक्षा ९-१० | २.७ | ९.९ | ६.२ | कक्षा ९-१० | १.६ | १.८ | १.७ |

## ३.४.३ विशेष शिक्षा सम्बन्धी व्यवस्था

सबै बालबालिकाले शिक्षा पाँउनु बालबालिकाको नैसर्गिक अधिकार हो। बालबालिकाले आफ्नो क्षमता अनुसारको शिक्षा प्राप्त गर्न पाउनु पर्छ। यसै गरी अपाङ्गता भएका बालबालिकाहरूले आफ्नो क्षमता अनुसारको शिक्षा पाउन अधिकार हो भने त्यस किसिमको शिक्षा प्रदान गर्नु राज्यको दायित्व पनि हो। यसै सन्दर्भमा चुलाचुली गाउँपालिका अपाङगता भएका बालबालिकाहरूका लागि विशेष शिक्षा सम्बन्धी कुनै पनि कक्षाहरू नभएको देखियो।

विद्यालयमा केन्द्रमा अपाङ्गता भएका बालबालिकाहरूको उपस्थिति

| अपाङ्गताको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शारीरिक | १ | ६ | ७ |
| वौद्धिक | २ | २ | ४ |
| वहिरा | ० | ० | ० |
| सुस्तश्रवण | ० | ० | ० |
| दृष्टिविहिन | ० | ० | ० |
| पूर्ण दृष्टिविहिन | ० | ० | ० |
| न्यून दृष्टिविहिन | ० | ० | ० |
| श्रवण दृष्टिविहिन | ० | ० | ० |
| स्वरवोलाई सम्बन्धी | २ | ० | २ |
| अटिजम | ० | ० | ० |
| मनोसामाजिक अपाङ्गता | ० | ० | ० |
| वहुअपाङ्गता | ० | ० | ० |
| जम्मा | | | १३ |

## ३.४.३ गाउँपालिकाको साक्षरता सम्बन्धी अवस्था

चुलाचुली गाउँपालिकाको समग्र शिक्षाको अवस्था हेर्दा यस गाउँपालिकामा ८०.८% साक्षरता दर रहेको छ। जसमा पुरुष ८६.६% र महिला ७५.३% रहेको छ।

### ३.४.४ विद्यालयमा शिक्षकको अवस्था र शिक्षक विद्यार्थी अनुपात

| विद्यालय | शिक्षकको अनुपातमा विद्यार्थी संख्या | जनशक्ति नगर शिक्षक समेत | | |
|---|---|---|---|---|
| सामुदायिक | | शिक्षक/ शिक्षिका | ECD सहजकर्ता | कर्मचारी र का.स. |
| आ.वि.(१-५) | १७८३ | १६० | २८ | २९ |
| आ.वि.(६-८) | ११०१ | | | |
| मा.वि.(९-१०) | ५८५ | २२ | | |
| मा.वि.(११-१२) | १२७ | | | |
| जम्मा | | १८२ | २८ | २९ |

स्रोत: शिक्षा शाखा, चुलाचुली गाउँपालिका

## ३.४.६ विद्यालय पुग्ने औषत समय

विद्यालयको दुरीले बालबालिकाहरूको सिकाईलाई असर पार्ने गर्दछ। विशेषगरी साना बालबालिकाहरूलाई विद्यालयको पहुँचमा हुनु अति आवश्यक रहेको हुन्छ। यहाँ चुलाचुली गाउँपालिकाका आधारभुत तह र माध्यमिक तहका बालबालिकाहरूलाई विद्यालय पुग्न लाग्ने औषत समयको विश्लेषण गरिएको छ।जसमा आधारभुत तहका बालबालिकाहरूलाई कम्तिमा १५ मिनेट र वढीमा १ घण्टा समय लाग्ने गरिएको देखिन्छ भने माध्यमिक तहका बालबालिकाहरूलाई कम्तिमा १५ मिनेट र वढीमा २ घण्टासम्म समय लाग्ने गरिएको देखिन्छ।

स्रोत : चुलाचुली गाउँपालिकाको बालमैत्री पार्श्वचित्र

## ३.४.७ विद्यालयको भौतिक पूर्वाधारको अवस्था

चुलाचुली गाउँपालिकामा रहेका २० वटा सामुदायिक विद्यालयमा ८७ प्रतिशत विद्यालयमा सामान्य भौतिक पूर्वाधारको अवस्था राम्रो रहेको छ।यस गाउँपालिकामा रहेका विद्यालयमा ८७ वटा पक्की भवन रहेका छन्।त्यसैगरी २० वटा विद्यालयमा शौचालय रहेको छ भने २० वटा छात्रा शौचालय रहेको छ। सबै विद्यालयमा खानेपानीको प्रवन्ध गरिएको छ। १० वटा विद्यालयमा स्वच्छ खानेपानीको प्रवन्ध हुन सकेको छैन।२१ वटा विद्यालयमा विद्युत सुविधा रहेको छ।सबै विद्यालयमा ईन्टरनेटको सुविधा रहेको छ।३ विद्यालयमा विज्ञान प्रयोगशाला रहेको छ। ८ वटा विद्यालयमा पुस्तकालय रहेको छ। सबै विद्यालयमा बालबालिका खेल्नको लागि खेलमैदान रहेको। सबै विद्यालयमा ह्वाईटवोर्डको प्रयोग भएको छ।

| विद्यालयको नाम | वडा नं. | भवन | डेक्स वेन्च | शौचालय | | कक्षा कोठा | पुस्तकालय | प्रयोगशाला | खेलमैदान | ह्वाईटवोर्ड/स्मार्टवोर्ड | घेरावारा | विव्यसमा बालबालिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनता माध्यमिक विद्याल | १ | ५ | | छात्र | छात्रा | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | १ | भएको |
| सागर आधारभूत विद्यालय | १ | ३ | | १ | १ | ५ | | | सामान्य | ह्वाइटबोर्ड | 0 | |
| शिव ज्योती आधारभूत विद्यालय | १ | ५ | | १ | १ | ११ | | | सामान्य | ह्वाइटबोर्ड | ० | |
| जनता माध्यमिक विद्यालय | २ | १० | | १ | १ | १३ | १ | १ | भएको | स्मार्टबोर्ड | छ | |
| पञ्चकन्या आधारभूत विद्यालय | २ | ४ | | ३ | ३ | १० | | १ | भएको | ह्वाइटबोर्ड | छ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| किराँतेश्वर माध्यमिक विद्यालय | ३ | ७ | | २ | २ | १५ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| सूर्योदय आधारभूत विद्यालय | ३ | ४ | | १ | १ | ८ | | | भएको | ह्वाइटबोर्ड | छ | |
| बाल ज्योती माध्यमिक विद्यालय | ४ | ८ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| किराँत चोलुङ आधारभूत विद्यालय | ४ | ३ | | १ | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छ | |
| भानु माध्यमिक विद्यालय | ५ | ६ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| बाँझोगाउँ माध्यमिक | ५ | ६ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | | | | | | | | | | | | |
| राष्ट्रप्रेमी माध्यमिक विद्यालय | ६ | ४ | | १ | १ | १३ | १ | १ | सामान्य | ह्वाइटबोर्ड | छ | |
| मिक्लाजोङ् माध्यमिक विद्यालय | ६ | ५ | | १ | १ | १३ | १ | १ | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| गिताञ्जली आधारभूत विद्यालय | ६ | ४ | | १ | १ | १० | | | सामान्य | ह्वाइटबोर्ड | छ | |
| चुलाचुली आधारभूत विद्यालय | ६ | २ | | १ | | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| सगरमाथा आधारभूत विद्याल | ६ | २ | | १ | | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| य | | | | | | | | | | | |
| सहिद स्मृति आधार भूत विद्यालय | ६ | २ | | १ | ४ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| नारायण ज्योती आधार भूत विद्यालय | ६ | ३ | | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| सूर्यज्योती आधार भूत विद्यालय | ६ | ३ | | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| देवी स्मृति आधार भूत विद्यालय | ६ | १ | | १ | ३ | | | सामान्य | ह्वाइट बोर्ड | छैन | |

स्रोत :चुलाचुली गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा

### ३.४.८ विद्यालयको विवरण र जनशक्तिको अवस्था

| विद्यालयको नाम | वडा नं. | प्रधानाध्यापकको नाम | महिला शिक्षक | पुरुष शिक्षक |
|---|---|---|---|---|
| जनता माध्यमिक विद्यालय | १ | विशाल लिम्बू | ९ | ९ |
| सागर आधारभूत विद्यालय | १ | याम प्रसाद लिम्बू | ० | २ |
| शिवज्योती आधारभूत विद्यालय | १ | ऋमा माखिम लिम्बू | ७ | १ |
| जनता माध्यमिक विद्यालय | २ | लक्ष्मेश्वर प्रसाद बनबरीया | ९ | १६ |
| पञ्चकन्या आधारभूत विद्यालय | २ | हरिकला लिम्बू | ९ | ४ |
| किराँतेश्वर माध्यमिक विद्यालय | ३ | ऋषिराज काफ्ले | ३ | १३ |
| सूर्योदय आधारभूत विद्यालय | ३ | कल्पना चेम्जोङ | २ | २ |
| बालज्योती माध्यमिक विद्यलाय | ४ | रुद्र प्रभात गिरी | ६ | १५ |
| किराँतचोलुङ् आधारभूत विद्यलाय | ४ | गिरीराज निरौला | ५ | १ |
| बाँझोगाउँ माध्यमिक विद्यालय | ५ | गणेश कुमार अधिकारी | ७ | ६ |
| भानु माध्यमिक विद्यलय | ५ | रघुनाथ मिश्र | ७ | १० |
| गिताञ्लली आधारभूत विद्यालय | ६ | लक्ष्मण मिश्र | १ | ८ |
| चुलाचुली आधारभूत विद्यलाय | ६ | अमृता श्रेष्ठ | १ | १ |
| राष्ट्रप्रेमी माध्यमिक विद्यालय | ६ | कृष्ण कुमार राई | २ | १० |
| सगरमाथा आधारभूत विद्यलाय | ६ | भरत बहादुर शाही | ० | २ |
| सहिदस्मृति आधारभूत | ६ | सावित्रा श्रेष्ठ | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| विद्यालय | | | | |
| सूर्यज्योती आधारभूत विद्यालय | ६ | श्री प्रसाद राई | ० | २ |
| नारायणज्योती आधारभूत विद्यालय | ६ | पुष्पा तामाङ | २ | |
| मिक्लाजुङ् मा.वि | ६ | सतिस कुमार साह | ५ | ६ |
| देवी स्मृति आधारभूत विद्यालय | ६ | चम्पक राई | ० | १ |

## ३.५ बालसहभागिता

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरिएको छ। यस अनुसार प्रत्येक बालबालिकासँग सरोकार राख्ने बिषयबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने लगायतका विषयलाई बाल सहभागिताको संज्ञा दिइएको छ। बाल सहभागिता बालबालिकाको आधारभूत अधिकार हो। विगत केही वर्षहरूदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ। विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन्। बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ। यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत – -१) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानुनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ। दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत – -१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्दनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। यी व्यवस्थाहरूबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानुनद्वारा नै स्थापित हुन पुगेकोछ।

### ३.५.१ चुलाचुली गाउँपालिकामा बालक्लवको अवस्था

चुलाचुली गाउँपालिकाको बाट मिति २०७५ मा स्वीकृत चुलाचुली गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधी,२०७५ को परिच्छेद ४ मा बालसहभागिताको व्यवस्था गरीएको छ।

### ३.५.२ बालक्लवमा बालबालिकाहरूको सहभागिताको अवस्था

चुलाचुली गाउँपालिकाको हाल १८ वटा बालक्लवहरू, ६ वडास्तरीय बालसञ्जाल र १ वटा गाउँपालिका स्तरीय बालक्लव सञ्जाल रहेको छ।

| क्र.सं. | बालक्लवहरूको नाम | वडा | बालक सदस्य | बालिका सदस्य | जम्मा सदस्य |
|---|---|---|---|---|---|
| १ | बालज्योती साथी साथी बालक्लव | ४ | ६ | ९ | १५ |
| २ | भानु मिलन बालक्लव | ५ | ६ | ९ | १५ |
| ३ | मित्रता बालक्लव | ५ | ५ | ७ | ११ |
| ४ | सिर्जनशील बालक्लव | ३ | ९ | १० | १९ |
| ५ | सूर्योदय नमुना बालक्लव | ३ | ६ | ५ | ११ |
| ६ | गीताञ्जली बालक्लव | ६ | ४ | ७ | ११ |
| ७ | राष्ट्रप्रेमी बालक्लव | ६ | ६ | ६ | १२ |
| ८ | शिवज्योती आ.वि. प्रतिभा बालक्व | १ | ६ | ८ | १४ |
| ९ | चुलाचुली इङ्लिस बोर्डिङ स्कुल | ४ | ९ | ६ | १५ |
| १० | पञ्चबुद्ध एकेडेमी सि.वि बालक्लव | ४ | ६ | ७ | १३ |
| ११ | किराँतचोलुङ हिञ्जा बालक्लव | ४ | ५ | ६ | ११ |
| १२ | अन्तु बालक्लव | ३ | ८ | ३ | ११ |
| १३ | पञ्चकन्या आ.वि सफल बालक्लव | २ | ८ | ३ | ११ |
| १४ | समावेशी बालक्लव | १ | ८ | ७ | १५ |
| १५ | मिक्लाचोङ मा वि अभियान बालक्लव | ६ | ६ | ७ | १३ |
| १६ | जनता मा वि हातेमालो बालक्लव | २ | ५ | ६ | ११ |
| १७ | सुवासा त्रीवेणी बालक्लव | ६ | | | |
| १८ | प्रतिभा विकास सामुदायिक | ३ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालक्लव | | | | |

**परिच्छेद ४**

## संस्थागत प्रवन्ध

### ४.१.गाउँपालिकाबाट बालबालिकाको विषयमा गरिएका नीतिगत प्रवन्धहरू

चुलाचुली गाउँपालिकाबाट विभिन्न समयमा विभिन्न ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू जारी भएका छन् । ती ऐन,कानुनहरू कुनै न कुनै रूपबाट बालबालिकासँग सम्बन्धीत रहेका छन् । यसर्थ यहाँ बालबालिकासँग सम्बन्धीत रहेका ऐन कानुनहरूको सूची प्रस्तुत गरिएको छ।

१. बाल संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५

२.बाल संरक्षण नीति २०७५

३. बाल कोष सञ्चाल कार्यविधि २०७८

४. बाल विवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च मापदण्ड २०७५

### ४.२.आ.व.२०८१/८२को नीति तथा कार्यक्रममा बालबालिकाको विषय

चुलाचुली गाउँपालिकाको आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा बालबालिका सम्बन्धी व्यवस्था निम्नानुसार गरिएको छ।

- चुलाचुली गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने कार्य अगाडी बढाइनेछ।
- बाल क्लव र बाल सञ्जाललाई सशक्त बनाई बालबालिकाहरुको हकहित र अधिकारको संरक्षण र प्रवर्धन हुने कार्यक्रम सञ्चालन गरिनेछ।
- बाल विवाह अन्त्यका लागि किशोरी सशक्तीकरण कार्यक्रम प्रभावकारिताका साथ सञ्चालन गरिनेछ।
- बालबालिकालाई घरेलु कामदारको रुपमा प्रयोग गर्न वा राख्न बन्देज गरिनेछ।
- विद्यालयमा अध्ययनरत तोकिएको कक्षासम्मका विद्यार्थीहरुलाई केन्द्रिय सरकारको नीति अनुरूपको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बाबु/ आमा नभएका वा असहाय, अति विपन्न बालबालिकाको पढ्न पाउने अधिकार अन्तर्गत विद्यालय भर्ना अभियानमा अविभावकत्व ग्रहण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

### ४.३. संरचनागत प्रवन्ध

बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका २०७८ अनुसार चुलाचुली गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई पुरा गर्न बालमैत्री स्थानीय शासनयुक्त चुलाचुली गाउँपालिकाको लक्ष्य निर्धारण गरिएको छ। सोही अनुरूप संस्थागत प्रवन्धका रूपमा निम्नानुसारको व्यवस्था गरिएको छ।

- बालमैत्री स्थानीय शासन नगर समितिको गठन

बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिकाले तोके बमोजिम गाउँपालिका अध्यक्ष श्री राजेन्द्र केरुङज्यूको अध्यक्षतामा गाउँपालिका स्तरीय बालमैत्री स्थानीय शासन समिति गठन गरिएको छ।

अध्यक्षः श्री राजेन्द्र केरुङ - गाउँपालिका अध्यक्ष

उपाध्यक्षः श्री दिल कुमारी लिम्बू योङ्हाङ - गाउँपालिका उपाध्यक्ष

सदस्यः श्री गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत

सदस्यःश्री गाउँपालिकाका ६ वटा वडाका वडाध्यक्षहरू

सदस्यः श्री कार्यपालिका सदस्यहरू सबै

सदस्यः श्री शाखा प्रमुख, शिक्षा,
स्वास्थ्य,
महिला तथा बालबालिका,
खानेपानी तथा सरसफाई शाखा

सदस्यः श्री महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूबाट अध्यक्षले मनोनयन गरिएको १ महिला सहित २ जना श्री सिता लावती
श्री देवेन्द्र पौडेल

सदस्यः श्री विद्यालय व्यवस्थापन समितिबाट अध्यक्षले मनोनयन गरिएको १ जना श्री हर्क रुङ्गाङ् राई

सदस्यः श्री स्वास्थ्य व्यवस्थापन समितिबाट अध्यक्षले मनोनयन गरिएको १ जना श्री गिता खत्री

सदस्यः श्री महिला शिक्षक अध्यक्षले मनोनयन गरिएको १ जना श्री सुमित्रा पोख्रेल

सदस्यः श्री महिला स्वस्थ्य स्वंयमसेविका अध्यक्षले मनोनयन गरिएको १ जना श्री पवि लिम्बू

सदस्यः श्री गाउँ बालसञ्जाल अध्यक्ष

सदस्यः श्री बालिका सदस्य गाउँबालसञ्जाल

सदस्यः श्री महिला, बालबालिकाको क्षेत्रमा कार्यरत सामुदायिक संस्थाबाट अध्यक्षले मनोनयन गरिएको महिला १ जना श्री विनिता गिरी

सदस्य सचिवः श्री राम प्रसाद मिश्र - सामाजिक विकास शाखा प्रमुख

## २. गाउँ बालअधिकार समिति गठन

बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि बालबालिका सम्बन्धी ऐन २०७५ तथा चुलाचुली गाउँपालिकाको बाल संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५ को दफा बमोजिम चुलाचुली गाउँपालिका गाउँ कार्यपालिकाले तपसिलका पदाधिकारीहरू रहेको एक बाल अधिकार समिति गठन गरिएको छ।

श्री दिल कुमारी लिम्बू योङहाङ – संयोजक

श्री विन्दु दहाला – सदस्य

श्री विद्यानाथ पोख्रेल – सदस्य

श्री मिलन रुम्दाली – सदस्य

श्री देवेन्द्र पौडेल – सदस्य

श्री स्थानीय प्रहरी चौकी प्रमुख - सदस्य

श्री शिखा लिम्बू – सदस्य

श्री प्रदिप दहाल – सदस्य
श्री इश्वरा निरौला – सदस्य
श्री अरुणा सिवा – सदस्य
श्री बाल कल्याण अधिकारी – सदस्य सचिव

## ३.बालमैत्री कार्यक्रम कार्यान्वयन सहजिकरण समिति

बालमैत्री स्थानीय शासन प्रवर्धनको कार्यलाई सहजीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ बमोजिम तपसिल बमोजिम बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समिति गठन भएको छ।

संयोजक श्री प्रमुख प्रशासकीय अधिकृत
सदस्य शाखा प्रमुख
शिक्षा युवा तथा खेलकुद शाखा
स्वास्थ्य शाखा
महिला तथा बालबालिका शाखा
योजना तथा अनुगमन शाखा
कानुन फैसला तथा कार्यान्वयन शाखा
खानेपानी सरसफाइ एवम् विपद व्यवस्थापन शाखा
सदस्य - स्थानीय बालक्लव सञ्जालका २ जना प्रतिनिधि
सदस्य - बालकल्याण अधिकारी
सदस्य – बालक्लव पूर्व सदस्य – रोहिना फियाक
सदस्य – बाल सञ्जाल अध्यक्ष
सदस्य – विद्यालयका प्रधानाध्यापकमध्ये संयोजकले तोकेको १ जना – ऋषिराज काफ्ले
सदस्य – मणि केरुङ
सदस्य सचिव – महिला बालबालिका समाजकल्याण शाखा प्रमुख

## ४. बालमैत्री सम्पर्क व्यक्ति र बाल कल्याण इकाईको व्यवस्था

यस गाउँपालिकाका बालकल्याण अधिकारी श्री रीता पोख्रेललाई फोकल पर्शनको रूपमा तोकी महिला बालबालिका शाखालाई बालकल्याण ईकाइको रूपमा व्यवस्था गरिएको छ।

## ५. बालमैत्री घोषणाका लागि वडा छनौट

पहिलो चरणमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि वडा नं.३ र ५ लाई छनौट गरिएको थियो।

## ६.गाउँपालिकामा सूचीकृत बालमनोविज्ञ र समाजसेवीको विवरण

बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६६ ले व्यवस्था गरे बमोजिम यस गाउँपालिकामा निम्नानुसारको बालमनोविज्ञ र समाजसेवी सूचीकृत गरिएको छ।

| क्र.सं. | नामथर | ठेगाना | मनोविज्ञ/समाजसेवी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | मणि केरुङ | चुलाचुली – ३ इलाम | मनोविज्ञ | |
| २ | स्वस्तिका पोख्रेल | विराटनगर | मनोविज्ञ | |
| ३ | रोमिला गौतम | इलाम नगरपालिका ११ | समाजसेवी | |

## ७. बालकोषको व्यवस्था

बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६३ ले व्यवस्था गरे बमोजिम यस पालिकामा बालकोषको स्थापना गरि परिचालन गरिएको छ।

बालकोष सम्बन्धी विवरण

| बालकोषमा रहेको रकम | बालकोषबाट आ.व.२०८०/०८१ मा सेवा प्रवाह गरिएको रकम | लाभान्वित बालक | लाभान्वित बालिका | जम्मा बालबालिका | कैफियत |
|---|---|---|---|---|---|
| १००००० | १००००० | - | - | - | कुनै निवेदन तथा सिफारिस प्राप्त नभएको |

## ८. बालमैत्री आचार संहिता

### १. अभिभावकहरूले पालना गर्नुपर्ने आचारसंहिता

हामी आफ्ना बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न गराउने छैनौं।

आफ्ना बालबालिकालाई समय तालिका अनुसार पढ्ने, लेख्ने, सुत्ने र मनोरञ्जन गर्ने वातावरण सिर्जना गर्नेछौं।

हामी आफ्ना बालबालिकालाई नियमित रूपमा विद्यालय पोशाकमा विद्यालय पठाउने छौं।

बालबालिकाको चौतर्फी विकासमा सहयोग पुग्ने बालक्लब एवम् बालबालिका आवद्ध भएको बैठकमा सहभागिता गराउनेछौं।

प्रत्येक घरमा बालबालिकामैत्री शौचालय र अन्य भौतिक पूर्वाधार निर्माण गर्नेछौं र गर्न लगाउने छौं।

बालबालिकालाई घरायसी निर्णय प्रक्रियामा सहभागी गराई आफ्नो कुरा निर्धक्क सँग भन्ने वातावरण सिर्जना गर्नेछौं।

नियमित खोप लगाउनुका साथै पोषणयुक्त सन्तुलित भोजन आफ्ना नानीहरूलाई खुवाउने छौं।

कुनैपनि बालबालिकालाई बालश्रमिकको रूपमा प्रयोग गर्ने गराउने छैनौं ।
बालबालिकालाई बालअधिकार र बाल कर्तव्यका कुराहरू सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्नेछौं।
हाम्रा बालबालिकालाई दुर्व्यवहार, अपहरण जस्ता कार्यहरूबाट बचाउनका लागि सदैव चनाखो रहनेछौं ।
हाम्रा बालबालिकाको बालविवाह गराउने छैनौं र यस बारेमा हाम्रा बालबालिकालाई समेत सचेत गराउनेछौं ।
हाम्रा बालबालिकाको स्वास्थ्यमा ध्यान दिंदै नियमित सरसफाई गराउनेछौं ।
हाम्रो बालबालिकाको जन्मदर्ता समयमै गराउनेछौं ।
सार्वजनिक स्थानमा निर्माण हुने बाटो, पोखरी, खेल मैदान, पार्क, सार्वजिनक धारा, सामुदायिक भवनहरू, आदि निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन पहल गर्नेछौं ।
विद्यालय तथा पालिकाले आमन्त्रण गरेका बालबालिका सम्बन्धित कार्यक्रमहरूमा अनिवार्य र सकृय उपस्थिती जनाउने छौं ।

## २. बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता

- धुम्रपान, सूर्तिजन्य र मादक पदार्थको प्रयोग तथा खरिद विक्रीमा संलग्न हुने छैनौं ।
- बाल विवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं र हुन दिने पनि छैनौं ।
- विद्यालयले बनाएको नियमको पालना गर्दै उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने छौं ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रूपमा विद्यालय पोशाकमा विद्यालय जानेछौं ।
- बालक्लबहरूमा सक्रिय सहभागिता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव गर्ने छैनौं ।
- आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्ने छौं साथै पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुनेछौं ।
- पोषिलो खानेकुरा खानेछौं साथै अरु बालबालिकालाई पनि खान र अभिभावकलाई दिन प्रेरित गर्नेछौं ।
- बालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रमको बारेमा थाहा पाएसम्मका घटना बारे सम्बन्धित निकायमा जानकारी दिनेछौं ।
- विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरूमा सहभागिता जनाई निर्धक्क रूपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्नेछौं ।
- अपरिचित व्यक्तिको ललाई फकाई र प्रलोभनमा फस्ने छैनौं, आवश्यक परेको खण्डमा अभिभावकसँग अनुमति लिएर मात्र बाहिर निस्कने छौं ।
- शौचालयमा दिसापिसाव गर्नुका साथै साबुन पानीले हातधुने बानी बसाल्नेछौं ।
- जन्मदर्ता नभएका र खोप नलाएका बालबालिकालाई सम्बन्धित सेवा लिन भन्ने छौं ।
- विपन्न र अपांगता भएका बालबालिकासँग हातेमालो गर्दै राम्रो व्यवहार गर्नेछौं ।

## ३. विद्यालयले पालना गर्नुपर्ने संस्थागत आचारसंहिता

- बालबालिकालाई लागू पदार्थ तथा लागू पदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्नेछौं ।
- बालबालिका माथि गरिने हिंसा, दुव्यवहार, शोषण रोक्न व्यवहारमा लागू गर्नेछौं र सचेतना फैलाउनेछौं ।
- शिक्षक र विद्यालय व्यस्थापन समितिको नीति-नियम गम्भीरताका साथ पालना गर्नेछौं ।
- बालबालिकालाई अनिवार्य रूपमा विद्यालयको पहुँचमा ल्याउनेछौं तथा विद्यालयमा विद्यार्थीको टिकाउका लागि विशेष पहल गर्ने छौं ।
- बालक्लबको आवश्यकता र महत्वबारे बुझाउने, बालक्लब गठन र परिचालनमा सहयोग गर्ने छौं ।
- बालबालिकाको विचार र भावनाको कदर गर्दैकुनै पनि प्रतिकूल व्यवहार गर्ने छैनौं ।
- बालबालिकाका सरोकार राख्ने बिद्यालयका कार्यक्रममा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं ।
- पूर्णखोप र सुरक्षित मातृत्व सम्बन्धी समेत बालवालिकालाई चेतना फैलाउनेछौं ।
- बालबालिकालाई जाति, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद गरिने छैन ।
- बालबालिकालाई हिंसा, यातना, दुर्व्यवहार, शोषण जस्ता अमानवीय कार्यबाट बचाउन बालसंरक्षण नीति कडाइका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- बिद्यालय र बालबालिकाको सरसफाइसँग विशेष सचेत रहने छौं ।
- बिद्यालय भर्ना हुदाँ अनिवार्य जन्मदर्ता गराउन आग्रह गर्नेछौं ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौं ।
- विद्यालय हाताभित्र मद्यपान गरि आउने छैनौं र धुम्रपान गर्ने छैनौं र सचेत गराउने छौं ।
- अपाङ्गता भएका बालबालिकाहरूको विकास र सहभागितामा ध्यान दिनेछौं ।
- विद्यालयमा रहेका बालबालिका कुनैपनि प्रकारको जोखिममा रहेको बारेमा थाहा पाए सम्बन्धित निकायमा जानकारी दिनेछौं ।

## ४ विद्यालय व्यवस्थापन समितिको आचारसंहिता

- बालबालिकाको शैक्षिक विकासका निम्ति विद्यालयको अल्पकालीन र दीर्घकालीन उद्देश्यहरू निर्धारण गरी विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयन गर्ने ।
- समितिको नियमित बैठक बस्ने र निर्णय कार्यान्वयन गर्ने गराउने ।
- नियमित रूपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापहरूको अनुगमन, निरीक्षण गर्ने साथै प्रधानाध्यापक तथा शिक्षकहरूलाई आवश्यक सुझाव दिने ।
- विद्यालयमा आइपरेका समस्याहरू छलफलद्वारा समाधान गर्ने ।
- आवश्यक स्रोत जुटाउने, खर्च व्यवस्थापन गर्ने र लेखापरीक्षण गराई हिसाब पारदर्शी गर्ने ।

- गल्तिको सजाय भौतिक रूपमा नगरी सम्झाएर गर्ने गराउने व्यवस्था गर्ने ।
- आवश्यकता अनुसार शिक्षक, अभिभावक, सरकारी तथा गैरसरकारी संस्थाहरू र बालक्लबसँग अन्तरक्रिया गर्ने ।
- विद्यालयको भौतिक समुन्नतिका लागि विशेष पहल गर्ने ।
- घरदैलो गरी बालबालिकालाई विद्यालय पठाउन अभिभावकलाई अनुरोध गर्ने र विद्यालय जानबाट वञ्चित बालबालिकाका लागि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने ।
- आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई दाता संस्थाहरूसँग समन्वय गरी छात्रवृत्तिको व्यवस्था मिलाउने ।
- अभिभावकहरूलाई सचेतना कार्य सञ्चालन गरिनेछ ।
- बालक्लब गठन गर्न प्रोत्साहन गर्दै व्यवस्थापन समितिको बैठक तथा विद्यालयले सञ्चालन गरेका क्रियाकलापहरूमा बालबालिका सहभागी गराउने ।
- मादक तथा लागू पदार्थ खाएर विद्यालयमा प्रवेश नगर्ने र विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरू माथि दुर्व्यवहार नगर्ने ।
- बेला बेलामा व्यवस्थापन समिति र शिक्षकहरूको संयुक्त वैठकको व्यवस्था गर्ने ।
- विद्यालयलाई बालमैत्री र भयरहित सिकाइको वातावरण बनाउन पहल गर्ने र शिक्षक–शिक्षिकालाई तालिममा भाग लिन उत्प्रेरित गर्ने ।
- विद्यालयको गुणात्मक शैक्षिक विकास तथा तहगत स्तरोन्नतिको लागि पहल गर्ने ।
- रिक्त दरबन्दीमा दक्ष, अनुभवी तथा उच्च शैक्षिक योग्यता भएका शिक्षक पदस्थापनाका लागि पहल गर्ने ।
- विद्यालयमा राजनैतिक, धार्मिक, साम्प्रदायिक वा कुनै किसिमको प्रभावलाई अन्त्य गरी विद्यालय शान्ति क्षेत्रको रूपमा विकसित गराउने ।
- विद्यालयको शैक्षिक गतिविधिमा स्तरोन्नतिका लागि अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा सरोकारवालाहरूबाट प्राप्त सुझाव र सल्लाह लिएर कदम चाल्ने ।

### ५. नीजि क्षेत्रको आचारसंहिता

- बालबालिकाहरूलाई सुर्तिजन्य, नसालु र मादक पदार्थजन्य सामग्री विक्री वितरण गर्ने छैनौं ।
- बालबालिकालाई कुनै प्रकारको श्रमजन्य कार्यमा संलग्न गराउने छैनौं ।
- बालबालिकामाथी हानी हुने कुनै प्रकारको कार्य गर्ने छैनौं ।

## ६. राजनैतिक दल तथा  गैरसरकारी क्षेत्र

- बालबालिका सम्बन्धी कार्यक्रमहरूमा बालबालिकाको सहभागितालाई महत्त्व दिईनेछ।
- बालबालिकाहरूलाई कुनै प्रकारका र्याली जुलुसहरूमा संलग्न गरिने छैन।
- बालबालिका सम्बन्धी कार्यक्रमहरूलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत सञ्चालन गर्नेछौं।
- बालबालिकालाई कुनैपनि राजनैतिक गतिविधिमा संलग्न गर्नेछैनौ।

## ७. गाउँपालिकाको संस्थागत आचारसंहिता

- बालबालिकालाई लागुपदार्थ तथा लागु पदार्थजन्य सामाग्री प्रयोगमा निरुत्साहित गर्नेछौं। बालबालिकालाई सूर्तिजन्य, मदिराजन्य तथा लागुपदार्थजन्य सामग्रीबाट टाढा राख्न विशेष नीतिगत व्यवस्था गरी कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं।
- बालबालिका उपर गरिने हिंसा, दुर्व्यवहार तथा शोषण रोक्न व्यवहारिक प्रयोग गर्नेछौं र सो को लागि सचेतना फैलाउनेछौं।
- विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने र अन्यलाई जीवनोपयोगी र व्यावसायिक सीप सिकाइने व्यवस्था गर्नेछौं।
- बालक्लव आवश्यकता र महत्त्वबारे वुझाउने, बालक्लव गठन र परिचालनमा सहयोग गर्ने।
- बालबालिकाको विचार भावनाको कदर गर्दै कुनैपनि प्रतिकुल व्यवहार नगर्ने।
- बालबालिकाको लागि वजेट तर्जुमा गर्दा र प्रत्यक्ष सरोकार राख्ने विषयका योजना निर्माण कार्यान्वयन र मूल्यांकनका चरणहरूमा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं।
- बाल स्वास्थ्य र सुरक्षित मातृत्व सम्बन्धी जनचेतना फैलाउनेछौं।
- बालश्रम निषेध र नियमित गर्न बनेको ऐन कडाईका साथ कार्यान्वयनमा ल्याउने छौं।
- बालबालिकालाई कुनै पनि प्रकारले विभेद गरिने छैन।
- बाल विवाहलाई पूर्ण रूपमा निषेध गरिनेछ र बाल विवाहलाई सामाजिक बहिष्कार गरिनेछ।
- बालबालिकाको संरक्षणको विषयलाई कार्यान्वयन गर्न बालसंरक्षण नीति तर्जुमा गरि कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं।
- जन्मदर्तालाई शतप्रतिशत बनाउने छौं र यसलाई निरन्तरता दिनेछौं।
- सरसफाईसँग सम्बन्धीत कार्यक्रमहरूलाई प्रभावकारी वनाउनेछौं।
- बालबालिकासँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणलाई बालमैत्री, अपांगमैत्री र लैंगिक मैत्री बनाउनेछौं। गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचनाहरू जस्तै बाटो, खेल मैदान, पार्क, सार्वजिनक धारा, सामुदायिक भवनहरू, आदि निर्माण गर्दा बालमैत्री, अपांगमैत्री र लैंगिकमैत्री र बाल सुरक्षाको दृष्टिले सुरक्षित हुनुपर्ने व्यवस्था गर्नेछौं।

# परिच्छेद ५

## निश्कर्ष

नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रूपमा लिइएको छ । धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत विकास, संरक्षण, सहभागिता सम्बन्धी अधिकार प्रत्याभूत गरिएको छ । यस संविधानमा बाल अधिकारका मूलभूत सिद्धान्तहरूसहित बाल अधिकारका आधारभूत मान्यताहरूलाई स्पष्ट रूपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बाँच्न पाउने अधिकार, विकास सम्बन्धी शिक्षा र स्वास्थ्यको सेवा सुविधा पाउने अधिकार, भेदभाव बिरुद्धको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार लगायतका बालबालिकाको १३ वटा मूलभूत अधिकारहरू सुनिश्चित गरिएका छन् । बालबालिकाप्रति राज्यको, संघसंस्था तथा निकायको, परिवार वा संरक्षकको एवम् सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरू समावेश गरिएका छन् । यस अतिरिक्त, बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु तथा सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख भएको छ । यी यावत प्रावधानहरूलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको एक बालमैत्री कानुन हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसंग सम्बन्धित विविध विषयगत पक्षहरूमा स्थानीय सरकारका अङ्गहरूले गर्नुपर्ने कार्यहरूलाई समावेश गरिएको छ । यस अतिरिक्त अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ जस्ता कानूनी व्यवस्था भएबाट नेपाल सरकार बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख भएको देखिएको छ । नेपाल संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को एक पक्षधर राष्ट्र हो । नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको विषयलाई राष्ट्रिय प्राथमिकतामा राखी विभिन्न कार्यहरू गरिरहेको सबैलाई विदितै छ । वि.सं. २०४८÷०४९ सालतिर प्राथमिक तहमा बालबालिकाको खुद भर्नादर ६४ प्रतिशत रहेकोमा हाल करिब ९७.० प्रतिशत पुगेको छ । प्राथमिक शिक्षामा छात्रमा छात्राको अनुपात ०.५६ बाट बढेर १.०९ पुगेको छ । माध्यमिक शिक्षा (कक्षा ९–१०) मा यो अनुपात ०.४३ बाट बढेर १.० पुगेको छ । घट्दो जन्म दरका कारण विद्यालय स्तरमा विद्यार्थीको संख्या घट्ने क्रममा रहेको देखिएको छ । यसैगरी सोही अवधिमा नवजात शिशु मृत्युदर प्रति हजारमा ५० जना रहेकोमा २१ मा, शिशु मृत्युदर प्रति हजारमा १०८ जना रहेकोमा ३२ जनामा र बाल मृत्युदर प्रति हजारमा १६२ रहेकोमा ३८ जनामा झरेको छ । बालबालिकामा कुपोषणको दर पनि उल्लेख्य मात्रामा घटेको देखिएको छ । बाल स्वास्थ्यको क्षेत्रमा भएको यस किसिमको उपलब्धिका लागि नेपालले अन्तर्राष्ट्रिय पुरस्कार समेत पाइसकेको छ । बाल संरक्षण र अधिकारको विषयमा भएका यस्ता नतिजाहरू उत्साहवर्द्धक रहेको छ । यो तथ्य बालबालिका सम्बन्धी समष्टिगत सूचकाङ्कले स्पष्ट पारेको छ ।

चुलाचुली गाउँपालिकाले गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा कार्यान्वयन गर्न आवश्यक सबै प्रकृयाहरूलाई अवलम्वन गरिएको छ । बालबालिका सम्बन्धी ऐन,२०७५ ले व्यवस्था गरिएको सबै प्रावधानहरूलाई पुरा गरिएको अवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन,२०७५ले बालबालिका सम्बन्धी कार्यविधि निर्माण

गर्नुपर्ने व्यवस्थालाई चुलाचुली गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्दन कार्यविधि २०७५ जारी भई लागु भएको अवस्था रहेको छ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन,२०७५ले व्यवस्था गरे अनुरूप पालिकास्तरीय बालअधिकार समिति र वडा स्तरीय बालअधिकार समितिहरू गठन भएका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ अनुसार बालकल्याण अधिकारी तोकी बालबालिका शाखा समेतको व्यवस्था भएको छ । त्यसैगरी वडास्तरीय बालसञ्जाल गठन, बालक्लवहरूको गठन र गाउँपालिकामा दर्ता गर्ने व्यवस्था गरिएको छ ।
समग्रतामा बालबालिकाको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखी कार्य गरिरहेको छ । बालमैत्री गाउँपालिका वनाउन गाउँपालिकाको सबै संयन्त्रहरू व्यवस्थित र परिचालित गरिएको छ ।

# धन्यवाद!

**सन्दर्भ सामग्रीहरू**

नेपालको संविधान (२०७२)
बालबालिका सम्बन्धी ऐन, २०७५
अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
आवासको अधिकार सम्बन्धी ऐन, २०७५
सेक्सुयल एक्सप्लोइटेसन अफ चिल्डे«न अनलाईन इन नेपाल, २०१७
केन्द्रीय तथ्याङ्क विभाग÷आइएलओ, नेपाल बालश्रम प्रतिवेदन, २०१२
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवन स्तर सर्वेक्षण, सन् २०११
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु–सूचकाङ्क क्लस्टर सर्भेक्षण, २०२२
केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८
शिक्षा मन्त्रालयको फ्लेस रिपोर्ट, २०८०
राष्ट्रिय बालअधिकार परिषद् ,नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०८०
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
गाउँपालिकाको नीति तथा कार्यक्रम
गाउँपालिकाको शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा समाजकल्याण शाखाको प्रतिवेदन
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग, २०७६
चुलाचुली गाउँपालिकाको पार्श्वचित्र,